# ऐसेलुखर्क गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## ऐसेलुखर्क, खोटाङ

ऐसेलुखर्क गाउँपालिका

### वार्षिक नीति तथा कार्यक्रम

### आ.व. २०८०/०८१

**प्रस्तुतकर्ता**
गीरेन्द्र बहादुर राई
अध्यक्ष
ऐसेलुखर्क गाउँपालिका

मिति-२०८०/०३/१०

## गा.पा. अध्यक्ष श्री गीरेन्द्र बहादुर राईबाट प्रस्तुत

# ऐसेलुखर्क गाउँपालिकाको आ.व. २०८०।०८१ का लागि वार्षिक नीति तथा कार्यक्रम

यस ऐसेलुखर्क गाउँपालिकाको आ.व. ०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम सार्वजनिकरण समारोहमा उपस्थित हुनुभएका गाउँपालिका उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, गाउँसभासदस्य ज्यूहरु, ऐसेलुखर्क गाउँपालिकाका सम्पूर्ण कर्मचारी, सञ्चारकर्मी तथा सुरक्षाकर्मी मित्रहरु, विभिन्न सञ्चार माध्यम तथा विभिन्न सामाजिक सञ्जालबाट प्रत्यक्ष रुपमा देश-विदेशमा रहेर सुनिरहनु भएका सम्पूर्ण आमा-बुबा, दाजुभाइ, दिदी बहिनीहरु

नेपालको संविधान, २०७२ जारी भए पश्चाच संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना मध्ये स्थानीय तहको दोस्रो कार्यकालको दोस्रो वर्षको लागि यस ऐसेलुखर्क गाउँपालिकाको आ.व. २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रमलाई सार्वभौम नागरिकहरुको प्रतिनिधिको रुपमा यस सम्मानित एवं गरिमामय सभामा पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु ।

नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, प्रजातन्त्रको स्थापना, पुनःस्थापना तथा संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली स्थापनाको गर्न विभिन्न कालखण्डमा जनताको अधिकार प्राप्तिको लागि भएका राजनैतिक आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गरी साहदत प्राप्त गरेर मुलुकलाई आजको यो ऐतिहासिक क्षण दिलाउनु हुने सम्पूर्ण ज्ञात अज्ञात वीर अमर सहिदहरु प्रति उच्च सम्मान प्रकट गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

साथै विभिन्न लोकतान्त्रिक आन्दोलन तथा नेपालको राजनीतिक परिवर्तनमा नेतृत्व प्रदान गर्दै मुलुकलाई डोहोर्याउनु हुने नेपाली राजनीतिका अग्रज तथा अग्रज धरोहरहरु एवम् शिखर व्यक्तित्वहरु, सहयात्रामा हिड्नु हुने सम्पूर्ण राजनीतिक पेशाकर्मी, नागरिक समाज, बुद्धिजीवि, आम नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुप्रति उच्च सम्मानपूर्वक स्मरण गर्न चाहन्छु ।

ऐसेलुखर्क गाउँपालिकाको गरिमा र ख्यातिलाई थप उचाईमा पुर्‍याउन आवश्यक सल्लाह, सुझाव, परामर्श दिई विकासप्रतिको पथप्रदर्शन, मार्गदर्शन प्रदान गर्नु हुने निवर्तमान पदाधिकारीज्यूहरु, राजनीतिक दल, दलका प्रतिनीधि ज्यूहरु, बुद्धिजिवी तथा सरोकारवालाहरुको योगदानलाई विशेष धन्यवाद दिन चाहन्छु ।

मिति २०७९/०१/३० गते भएको स्थानीय तहको दोस्रो निर्वाचनमा सहभागी भई आफ्नो अमूल्य मताधिकार प्रयोग गरी ऐसेलुखर्क गाउँपालिकाको समग्र विकास र समृद्धिको अभिभारा हाम्रो काँधमा सुम्पनु भएको १ वर्ष पूरा भएको छ। यो एक वर्षको अवधीमा हामीसँग भएको सीमित स्रोत र साधनको उच्चतम सदुपयोग गर्दै समृद्ध ऐसेलुखर्क बनाउनको लागि हामीले गरेका वाचाहरुलाई पूरा गर्ने कार्यहरुको शुभारम्भ गरेका छौं भन्ने लागेको छ।

स्थानीय तह भनेको आम नागरिकहरुको अविभावक अनि सबै भन्दा नजिकको आशा र भरोसाको केन्द्र हो । संघियताले बोकेका सपना पुरा गराउने सफल साधन पनि स्थानीय सरकारहरु नै हुन् ।त्यसैले स्थानीय सरकारसँग नागरिकका चाहना र अपेक्षा धेरै छन् ।सिमित स्रोत साधनले नागरिकहरुका असिमित आवश्यकता पुरा गर्नु निकै कठिन र चुनौतीपूर्ण छ । तथापि समुदायका विविध समस्या र आवश्यकताको पहिचान तथा समाधान गर्दै आर्थिक, सामाजिक र भौतिक पुर्वाधारहरुको विकासका माध्यमवाट आधारभुत सेवा प्रवाह गरी जनजीवन सुखमय बनाउनु हाम्रो प्रमुख उदेश्य हो। यस अर्थमा स्थानीय स्तरमा विकास र लोकतन्त्रको सफल अनुभुती दिलाउन भरमग्दुर प्रयत्न ऐसेलुखर्क गाउँपालिकाले संघ र प्रदेश सरकारबाट प्राप्त बजेटलाई कार्यान्वयन गर्दै सबै खाले विकास निर्माणलाई सहभागितात्मक ढंगले समानुपातिक वितरणका माध्यमबाट तिव्रताका साथ अगाडी बढाउने अभियानमा जुटिरहेको कुरा यहाँहरुलाई विश्वास दिलाउन चाहन्छु ।

लोकतन्त्रको आधारभूत मूल्य, मान्यता, बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, सामाजिक न्याय, सहकारीता, सहअस्तिन्व र समन्वयको सिद्धान्तलाई आत्मसात गरी विधिको शासनप्रति पूर्ण प्रतिवद्ध रही गाउँपालिकाको भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधतालाई सन्तुलित रुपमा अगाडि बढाउन स्थानीय सरकार दृढ छ । हामीले "**जनप्रतिनिधीहरु शासक होइनन्, जनताका सेवक हुन्**" भन्ने मूल मान्यतालाई आफ्नो मार्गदर्शक सिद्धान्तको रुपमा लिएका छौं ।

ऐसेलुखर्क गाउँपालिका एउटा छुट्टै इतिहास भएको साथै धेरै अवसर र सम्भावना बोकेको गाउँपालिका हो। यिनै अवसर र सम्भावनाहरुको खोजी र भरपुर उपयोग गर्दै अगाडी बढ्ने कुरामा र गाउँपालिकाको विकास निर्माणको सवालमा यस भूगोल भित्रका सबै राजनैतिक दल, नागरिक समाज, बुद्धिजिवी र आम नागरिकहरुको ऐकेवद्धता छ र रहिरहने कुरामा म विश्वस्त छु।गाउँपालिकाको सर्वाङ्गिण विकासको लागि हामीसँग उपलब्ध श्रोत-साधन र अवसरको उच्चतम प्रयोग, न्यायोचित वितरण गरी संविधान र प्रचलित ऐन, कानुनले प्रदत्त अधिकारहरुको सफल कार्यान्वयनमार्फत ऐसेलुखर्क गाउँपालिकाको समग्र विकास र समृद्धिको ढोका खोल्न सकिने कुरामा म विश्वस्त छु । आ.व. २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम तयार गरी रहँदा समृद्ध, समुन्नत, समतामूलक र विकसित गाउँपालिकाको भावी तस्विरलाई सामुन्नेमा राखेको छु ।

ऐसेलुखर्क गाउँपालिकाको समृद्धि र विकास सबैको सहयोग, सहकार्य र सहजीकरणबाट मात्र संभव हुने भएकोले यस ऐसेलुखर्क गाउँपालिकाको समृद्धि र विकास निर्माणको प्रक्रियालाई प्रभावकारी रुपमा सञ्चालन गर्न आफ्ना अमूल्य समय दिनुहुने सम्पुर्णमा म गाउँपालिका प्रमुखको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु ।

## सम्मानित गाउँसभा सदस्य ज्यूहरु,

आगामी आ.व. २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नु पूर्व चालु आ.व. २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रममार्फत हामीले गरेका वाचा तथा प्रतिवद्धतालाई

मध्यनजर गर्दै यस सम्मानित सभामा चालु आ.व. २०७९/०८० मा यस ऐसेलुखर्क गाउँपालिकाबाट सम्पादन भएका महत्वपूर्ण तथा मुख्य उपलब्धिहरुको समिक्षा तथा स्मरण गर्न चाहन्छु ।

**क) आर्थिक विकास**

**१. कृषि तथा पशु सेवा**

- अध्यक्ष कृषि तथा पशुपालन यान्त्रिकरण कार्यक्रम (औजार वितरण ८० प्रतिशत अनुदान)मार्फत कृषि उपजको उत्पादन लागत घटाउन तथा कृषकको कार्यबोझ घटाउने उद्देश्यका साथ कृषकहरुलाई मिनि पावर टिलर, कम्वाइन मिल, मल्टिक्रस थ्रेसर, इलेक्ट्रिक मदानी, सोइल अगर जस्ता कृषि औजार वितरण गरिएको छ ।
- ऐसेलुखर्क गाउँपालिकाभित्र बाँझो रहेका भू-भागहरु वडा नं.-१ को मुलखर्क, वडा नं.-२ को खोपखर्क, देउराली, हरिसे, वडा नं.-३ को आहाल डाँडा, झुले, वडा नं.-५ को फापरश्वरा लगायतका क्षेत्रहरुमा चिया खेती गरी पर्यटनसँगै दिगो रुपमा किसानहरुको आयआर्जन बढाउन चिया खेती सम्भाव्यता अध्ययन गरिएको छ ।
- ऐसेलुखर्क गाउँपालिका वडा नं. ३ र ४ का माथिल्लो क्षेत्रमा किवी पकेट क्षेत्र निर्माणको लागि ३२ जना कृषकहरुलाई क्षमता विकास तालिम प्रदान गरिएको छ ।
- वडा नं. २, ३ र ४ का १६००-२१०० मिटरसम्मको उचाई क्षेत्रमा किवी खेती प्रवर्द्धनको लागि २९ घरधुरीलाई ८० प्रतिशत अनुदानमा हेवार्ड जातको ८५५ बोट किवी विरुवा वितरण गरिएको छ।
- आयातित तेललाई प्रतिस्थापन गरी स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्न र गाउँपालिकाबासीलाई शुद्ध तेलमा आत्मनिर्भर बनाउन तोरी खेती गर्ने १०९ जना किसानहरुलाई तोरी खेती प्रवर्द्धन अनुदान उपलब्ध गराइएको छ ।
- रेविज, पि.पि.आर., स्वाईन फिवर, रानीखेतको भ्याक्सिनेशन कार्यक्रम सञ्चालन गरिएको छ ।
- किसान दाजुभाइ तथा दिदीबिहनीहरुले पाल्नु भएका पशु वस्तुहरुमा भएको परजिवीको पहिचान गर्न स्थलगत रुपमा किसानहरुको घरआगनमा नै सेवा पुर्याउन पशुपन्छी परजिवी नियन्त्रण शिविर सञ्चालन गरी ११५२ वटा Stool Test र ६,८१३ वटा Parasite Treatment गरिएको छ ।
- व्यावसायिक कृषि तथा पशु फार्म सुदृढीकरण कार्यक्रम (७५ प्रतिशत अनुदान) अन्तर्गत व्यवसायिक ३ वटा बाखा फार्महरुको गोठखोर सुधार र २ वटा किवी फार्मको थाक्रा व्यवस्थित गरिएको छ ।
- मौरी पालन व्यवसायलाई व्यवसायीकरण गर्ने उदेश्यले वडा नं. २ को बादेलमा २० जना मौरी पाकल कृषकहरुलाई आधुनिक मौरी पालनको तालिम प्रदान गरिएको छ । पालिकाभित्रका मौरी पालक कृषकहरुलाई मौरी प्रवर्द्धन कार्यक्रम अन्तर्गत १५ जना मौरी

पालक कृषकहरुलाई आधुनिक घार, आधारचाका, टोपी, फिडर, रानी गेट, रानी केज, झोला, ब्रससहितको सामाग्री खरिद गरी वितरण गरिएको छ ।

- कृषकहरुलाई उत्पादनमा प्रोत्साहन र मनोबल बढाउनको लागि कृषि मेला प्रदर्शनी आयोजना गरिएको छ ।
- पशुहरुमा महामारीको रुपमा फैलिएको रेविज रोग नियन्त्रणको लागि आवश्यक खोपको व्यवस्था गरी रोग नियन्त्रण गरिएको छ । साथै लम्पीस्कीन रोग नियन्त्रणको लागि आवश्यक औषधीको व्यवस्था गरी प्राविधिक परिचालन गरिएको छ ।

**२. सिंचाई**

- साना सिंचाई कार्यक्रम अन्तर्गत संघीय सरकार, प्रदेश सरकार, ऐसेलुखर्क गाउँपालिकाको २०/२० प्रतिशत, स्वीस सरकार विकास सहयोग कार्यक्रम ३० प्रतिशत र उपभोक्ताको १० प्रतिशत लागत साझेदारीमा ४ वटा सिंचाई आयोजना सञ्चालन भएका छन् ।
- गाउँपालिकाको स्रोतबाट ४ वटा सिंचाई आयोजना सञ्चालन भएका छन् ।

**३. <u>उद्योग तथा वाणिज्य</u>**

- नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको आर्थिक सहयोग र ऐसेलुखर्क गाउँपालिकाको आयोजनामा गरिबीको रेखामुनी रहेका विपन्न परिवारलाई लघु उद्यमको माध्यमबाट रोजगारीको अवसर सिर्जना गर्ने उद्देश्यका साथ सञ्चालन भई रहेको गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) अन्तर्गत ऐसेलुखर्क गाउँपालिका वडा नं. २, ५ र ६ मा १ दिने वडा स्तरीय अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी घरधुरी सर्वेक्षण फारम ए र सम्भाव्य लघु उद्यमीका रुपमा सहभागी छनौट तथा लघु उद्यम समूह गठन गरिएको छ । तीनवटै वडामा ८ दिने उद्यमशीलता विकास तालिम टोपे/टोसे सञ्चालन गरिएको छ ।
- उद्यमशिलता विकास तालिममा सम्भावित लघु उद्यमीहरुलाई प्राविधिक सिप विकास तालिम वडा नं. २ मा १७ जनालाई आधारभुत तहको सिलाई कटाई सम्बन्धी २ महिने तालिम, वडा नं. ५ मा १७ जनालाई ३० दिने होजियारी तालिम र वडा नं. ६ मा ९ जनालाई ३० दिने बाँसको फर्निचर तथा हस्तकला सम्बन्धी तालिम प्रदान गरिएको छ । यस कार्यक्रममार्फत प्राविधिक सीप विकास तालिम लिने लघु उद्यमीहरुको संख्या ४३ जना रहेको छ ।
- त्यसै गरी वडा नं.-७, माक्पामा ७ जनालाई ३० दिने सिलाई कटाई सम्बन्धी स्तरोन्नती (पुनर्ताजगी) तालिम प्रदान गरिएको छ ।
- चालू आ.व. मा ११ वटा संस्था दर्ता, १२ वटा व्यवसाय दर्ता र १९ व्यवसाय नविकरण भएको छ ।

### ४. प्रधानमन्त्री रोजगार कार्यक्रम

- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा जननिर्वाचित जनप्रतिनिधि, बेरोजगार व्यक्ति तथा सरोकारवालाहरुसँग मिति २०७९ मंसिर १८ गतेदेखि मिति २०७९ मंसिर २४ गतेसम्म ७ वटै वडा कार्यालयहरुमा १ दिने अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको छ ।
- आ.व. २०७९/०८० मा बेरोजगार सूचीमा सूचीकृत बेरोजगार व्यक्तिहरुमध्ये ४० जनालाई १००/१०० दिनको रोजगारी उपलब्ध गराउन आई.डि.ए. बाट सोधभर्ना हुने सशर्त अनुदानको रुपमा युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तर्गत रोजगारी सिर्जनाको लागि प्राप्त रु. २५ लाख ४३ हजार बजेटबाट वडा नं. १, ३, ४ र ६ मा १२ वटा, नेपाल सरकारबाट सशर्त अनुदान रकम अन्तर्गत रोजगारी सिर्जनाको लागि प्राप्त रु.२९ लाख ५४ हजार बजेटबाट वडा नं. २, ५ र ७ मा १७ वटा र गाउँपालिकाबाट विनियोजित रु. ११ लाख ५४ हजार रकमबाट वडा नं.-३ र ७ मा ६ वटा योजना जम्मा ३५ वटा योजनामा बेरोजगार सूचीमा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई रोजगारीमा खटाइएको छ ।
- योजना सञ्चालनको क्षेत्रगत आधारमा सडक यातायाततर्फ-२१, सामुदायिक पूर्वाधार निर्माण अन्तर्गत गोरेटो बाटो मर्मत-११ वटा, सिचाई, खानेपानी, शिक्षातर्फ-१/१ वटा रहेका छन् ।
- नेपाल सरकार र आई.डि.ए. स्रोतबाट सञ्चालित योजनाबाट औषत ३.७४ मिटर चौडाईको ८४६ मिटर सडक सोलिङ गरिएको छ ।
- औषत १.२० मिटर चौडाईको २६७९ मिटर गोरेटो बाटो मर्मत तथा निर्माण गरिएको छ ।
- गाउँपालिकाबाट विनियोजित बजेटबाट औषत ४.६१ मिटर चौडाईको ३३८.५ मिटर सडक सोलिङ भएको छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन भएका १२ वटा योजनाहरुको लागि आवश्यक ३×१×१ को २८ थान, २×१×१ को २२० थान र १.५×१×१ को १७७ थान गरी जम्मा ४२५ थान ग्यावियन बक्स तारजाली उपलब्ध गराई ७८९.५ घनमिटर ग्यावियन बक्स तारजाली भरी सडक मर्मत कार्य गरिएको छ ।

## ख. सामाजिक विकास

### १. शिक्षा, युवा तथा खेलकूद

- ४३ वटा सामुदायिक विद्यालयमा रहेका बाल विकास केन्द्रमा कार्यरत बाल विकास सहजकर्ताहरुको लागि सामाग्री सहितको तालिम सञ्चालन गरिएको छ ।

- बाल दिवसको उपलक्षमा विभिन्न प्रतियोगिता सञ्चालन तथा विद्यार्थी सम्मान कार्यक्रम सञ्चालन गरिएको छ।
- विद्यालयका प्र.अ. र विद्यालय सहायक कर्मचारीहरुको लागि विद्यालय लेखा प्रणालीसम्बन्धि तालिम सञ्चालन सञ्चालन गरिएको छ ।
- राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन तथा जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा खेलाडिहरु सहभागि गराइएको छ ।
- शिक्षा विकास तथा समन्वय इकाई दिक्तेलबाट स्थायी नियुक्ति लिई आएका मा.वि/नि.मा.वि र प्रा.वि तृतीय श्रेणीका स्थायी शिक्षकहरुको पदस्थापन तथा व्यवस्थापन गरिएको छ ।
- SEE परीक्षाको नियमित अनुगमन गरिएको छ ।
- पालिका स्तरीय कक्षा ३, ५ र कक्षा ८ का वार्षिक परीक्षा सञ्चालन तथा व्यवस्थापन गरिएको छ ।
- विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक अभिभावक संघका अध्यक्ष तथा प्रधानाध्यापकहरुको क्षमता विकास तालिम सञ्चालन गरिएको छ ।
- गाउँपालिका अन्तर्गतका सम्पूर्ण विद्यालयका प्र.अ. तथा शिक्षकहरुको तलब, भत्ता स्वंय शिक्षकहरु कै खातामा भुक्तानी दिने व्यवस्थाको सुरुवात गरिएको छ ।
- संघिय सरकार अन्तर्गत विद्यालय लाईब्रेरी तथा विज्ञान प्रयोगशालाको योजना बाँडफाड तथा कार्य सम्पन्न भएको छ।
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत श्री सिम्ले मा.वि., जल्लेश्वरी र श्री जालपा मा.वि., बादेल ICT योजना अन्तर्गतको कार्यक्रम सम्पन्न । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत श्री कालिका बालबिकास मा.वि. राखा र श्री शिशु मा.वि.,महेश्वरी ४ कोठे पक्की भवन र श्री बौद्ध आ.वि. बाकाचोल र श्री शान्तोदय मा.वि., ज्यामिरे २ कोठे भवन निर्माण कार्य सञ्चालन भइ रहेको छ।
- संघिय सरकारको विशेष अनुदान रकमबाट विभिन्न सामुदायिक विद्यालयहरुमा फर्निचर सपोर्ट, लागत साझेदारीमा श्री त्रिभुवन मा.वि. छात्राबास निर्माणाधिन र ६ वटा माध्यमिक विद्यालयहरुको लागि स्मार्ट डिजिटल बोर्ड खरिद गरिएको छ ।
- विद्यालयहरुको शैक्षिक सत्र-२०८० को लागि शैक्षिक कार्ययोजनाको खाका निर्माण गरिएको छ ।
- शिक्षा समिति तथा प्र.अ.हरुको नियमित बैठक सञ्चालन सञ्चालन गरिएको छ ।
- विद्यालयहरुको नियमित अनुगमन गरी विद्यालयमा छलफल तथा सल्लाह सुझाव तथा पेसागत सहयोग सञ्चालन गरिएको छ ।
- विद्यालयहरुमा रिक्त हुने शिक्षक तथा कर्मचारीहरुको करार परीक्षा व्यवस्थापन,

## २. स्वास्थ्य

- स्वास्थ्य सेवालाई सेवामुखि बनाउन रिक्त रहेका स्वास्थ्य संस्थाहरुमा करारमा स्वास्थ्यकर्मीहरुको पदपूर्तिको व्यवस्था गरिएको छ ।
- औषधी तथा औषधीजन्य सामाग्रीको आपूर्तिलाई थप व्यवस्थित गरी समयमा नै आधारभूत औषधी खरिद गरी स्वास्थ्य संस्थामा आपूर्ति गरिएको छ ।
- सरकारले ल्याएको मृगौला प्रत्यारोपन गरेका, डायलासिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका बिरामीलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने कार्यविधि, २०७८ कार्वान्वयन गरी २४ जना दीर्घ रोगीलाई औषधी उपचार वापत खर्च उपलब्ध गराइएको छ ।
- विपन्न नागरिकलाई औषधी उपचार खर्च वापत आर्थिक सहायता वापत पाउदै आएको एक लाख बराबरको उपचारवापतको लागि गरिदै आएको यस कार्यालयबाट गर्नु पर्ने सिफारिसको कामलाई प्राथमिकतामा राखि तत्काल उपलब्ध गराइएको छ ।
- प्राथमिक स्वास्थ्य केन्द्रबाट विगतका वर्षहरुमा दिइदै आएको निःशुल्क २४ सै घण्टे सेवालाई अझ सुधार गरी थप गुणस्तरीय बनाइएको छ ।
- गर्भवतिहरुलाई दिइदै आएको ग्रामिण भिडियो एक्सरे कार्यक्रमलाई यस वर्ष समेत निरन्तरता दिइएको छ साथै हरेक हप्ताको आइतबार प्राथमिक स्वास्थ्य केन्द्रबाट समेत उक्त सेवा विस्तार गरिएको छ ।
- खोपको सुक्ष्म योजना तयार गरी आंशिक वा पूर्ण खोप छुट भएका बच्चा खोजि गरी "खोज र खोप" अभियान चलाई पूर्ण खोप सुनिश्चिता पालिका घोषणा गरिएको छ ।
- सुरक्षित मातृत्व सेवा अन्तर्गत रहेको संस्थागत डेलिभरीहरुका यस गाउँपालिका भित्रका गर्भवतीहरुका लागि निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरी प्रभावकारी रुपमा सेवा दिइएको छ ।
- ऐसेलुखर्क गाउँपालिकाको आयोजना, नेपाल नेत्र ज्योती संघ, खोटाङको समन्वय र सगरमाथा चौधरी आँखा अस्पतालको प्राविधिक सहयोगमा मिति २०८० जेठ ४, ५ र ६ गते प्राथमिक स्वास्थ्य केन्द्र, ऐसेलुखर्कमा आँखा शिविर सञ्चालन गरी ७८० जना आँखा उपचार सम्बन्धी बिरामीले सेवा लिनु भएको छ । जसमा ४१ जनाको मोतिबिन्दु र १० जना अन्य आँखा सम्बन्धी बिरामीको निःशुल्क शल्यक्रिया तथा उपचार गरिनुका साथै ९० जना जेष्ठ नागरिकहरुलाई निःशुल्क चस्मा उपलब्ध गराइएको छ ।

## ३. खानेपानी तथा सरसफाई

- खानेपानीको मुहान संरक्षण गरी सफा खानेपानीमा पहुँच सुनिश्चिता गर्न २४ वटा योजनामार्फत खानेपानीको मुहान संरक्षण, ट्याङ्की तथा ईन्टेक निर्माण तथा मर्मत गरिएको छ ।

## ४. संस्कृति प्रवर्द्धन

- विभिन्न जातजाति, धर्म, संस्कार तथा सस्कृतिसँग सम्बन्धित २० वटा मठ मन्दिर, देविस्थान, गुम्बा, मण्डली, भुमेथान निर्माण तथा मर्मत गरिएको छ ।

## ५. महिला, बालबालिका, अपाङ्गता तथा जेष्ठ नागरिक

- नारी दिवसको अवसरमा महिलाहरुको हक अधिकार सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ ।
- स्थानीय तहका सातै वडाहरुमा छरिएर रहनु भएका महिला दिदि बहिनीहरुको बोल्न सक्ने सिप तथा क्षमता विकासको लागि २१ जना महिला दिदी बहिनीहरुलाई ४ दिने भाषणकला तालिम सञ्चालन गरिएको छ ।
- बहुक्षेत्रीय पोषण योजना कार्यक्रम अन्तर्गत सुनौलो हजार दिनभित्र पर्ने महिला साथै आर्थिक रुपमा विपन्न हजार दिने आमाको आर्थिक अवस्थामा सुधार तथा आमा र बच्चाको स्वास्थ्य तथा पोषणमा सुधार ल्याउन संस्थाका २५ जनासदस्यहरुलाई रु. २५ हजारका दरले अनुदान उपलब्ध गराइएको छ ।
- राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम अन्तर्गत एकल महिला, कोभिड-१९ प्रभावित महिला, विपन्न महिला, हिंसा पीडित महिला तथा परिवारमा कृषि बाहेक अन्य कुनै नियमित रोजगारी नभएको परिवारका २५ जना महिलाहरु छनौट गरी किवी खेती सम्बन्धी ५ दिने तालिम प्रदान गरी आर्थिक रुपमा सक्षम गराउन २५ जना महिलाहरुलाई २६ हजारको दरले बीउ पुँजीको रुपमा अनुदान रकम उपलब्ध गराइएको छ ।
- बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत सातै वटा वडामा वडा स्तरीय खाद्य निर्देशक समिति पुनर्गठन तथा पोषणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।
- ऐसेलुखर्क गाउँपालिका वडा नं.-३ र ४ का ६० घरधुरीका सुनौलो हजार दिनका आमाहरुलाई च्याउ खेती सम्बन्धी २ दिने स्थलगत तालिम र बीउ वितरण गरिएको छ ।

ऐसेलुखर्क गाउँपालिका

## ग) पूर्वाधार विकास

### १. सडक तथा पुल, भवन तथा सशरी विकास, उर्जा, लघु तथा साना जलविद्युत

- मार्कीपा सपनेश्वर पर्यटकीय स्थल निर्माण, ऐसेलुखर्क बजार ढलान, वडा नं. १, ३ र ४ वडा कार्यालय भवन निर्माण, बाकाचोल हरिसे हुँदै वडा कार्यालय बाकाचोल बादेल सडक स्तरोन्नती, ऐसेलुखर्क फापरश्वरा हुँदै ज्यामिरे वडा कार्यालय सडक स्तरोन्नती, सिस्ने वारियो ससेश्वर (केपीलासगढी) जोड्ने बेलीवृज र त्रिभुवन मा.वि. ३ छात्राबास निर्माणको डि.पि.आर. गर्ने कार्य सम्पन्न भएको छ । जसमा ऐसेलुखर्क बजार ढलान र त्रिभुवन मा.वि. छात्राबास निर्माण शीर्षकको योजना निर्माण कार्य समेत सुरु भइसकेको छ ।
- गाउँपालिकाको लागि ट्याक्टर, एस्काभेटर खरिद कार्य सम्पन्न भएको छ ।
- भीरपानी ऐसेलुखर्क सडकको भीरपानी सडक खण्ड सोलिङ, नोरुङ टर्निङ ग्यावियन बक्स भरी सडक चौडा बनाउने, देउराली सडक निर्माण, देशारे चित्रे महेश्वरी सडक स्तरोन्नती कार्य सम्पन्न भएको छ ।
- केन्द्र तथा प्रदेशबाट गाउँपालिका भित्रने मुख्य सडक अन्तर्गत ऐसेलुखर्क माक्पा रावाखोला सडक स्तरोन्नती कार्य भइरहेको छ ।
- २७ वटा सडकहरुको आवश्यकता अनुसार ग्रेड डाउन, ट्र्याक चेन्ज, स्तरोन्नती, सोलिङ, मर्मत तथा सरसफाई गरिएको छ ।
- गाउँपालिकाभित्र केन्द्रीय विद्युत प्रशासन लाइन विस्तारको लागि नेपाल विद्युत प्राधिकरणसँग आवश्यक पहल तथा समन्वय गरी वडा नं.-१, २, ४ का विस्तार भइरहेको साथै वडा नं.-३ र ५ केन्द्रीय प्रशारण लाईन विस्तार हुन बाँकी रहेका क्षेत्रमा विद्युत प्रशारण लाईन विस्तार कार्य भइरहेको छ ।
- ग्रामीण स्तरमा विद्युत पँहुच नपुगेका अति विपन्न ५५ घरधुरीलाई नविकरणीय उर्जा प्रविधि जडान कार्यक्रममार्फत सौर्य विद्युत बत्ती उपलब्ध गराइएको छ ।
- गाउँपालिकाको केन्द्रसँग वडा नं.-१, राखा वाङ्देललाई १२ महिना जोड्न लिदिङ खोलामा वैकल्पिक ट्रस पुल निर्माण गरिएको छ ।

## घ) वन, वातावरण तथा विपद् व्यवस्थापन

### १. जलाधार

- बृहत जलाधार व्यवस्थापन केन्द्र, कोशी, उदयपुरको आर्थिक सहयोगमा मुहान संरक्षण कार्यक्रम अन्तर्गत वडा नं-२, ३, ६ र ७ मा मुहान संरक्षण, ईन्टेक निर्माण तथा रिचार्ज पोखरी निर्माण गरिएको छ ।

## ङ) सुशासन तथा संस्थागत विकास

- गाउँ कार्यपालिकाको कार्यालय, सातै वडा कार्यालय, ६ वटा स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, ऐसेलुखर्क र ८ वटा सामुदायिक विद्यालयहरुमा E-Attendance (विद्युतिय ई-हाजिरी) जडान गरी लागू गरिएको छ ।

- उक्त विद्युतिय हाजिर मेसिनलाई स्वचालित रुपमा गाउँ कार्यपालिकाको कार्यालयबाट नै हाजिर हेर्ने गरी व्यवस्था मिलाउनको लागि सूचना प्रविधि विभागबाट विद्युतिय हाजिर व्यवस्थापन प्रणाली निःशुल्क माग गरी हाल सञ्चालनमा ल्याइएको छ।
- सूचना प्रविधि शाखाबाट दैनिक रुपमा सम्पादन हुने कार्यहरु वेव पेज ह्यान्डलिङ, अन्य सामाजिक संजालहरुको आधिकारीक पेज ह्यान्डलिङ जस्ता कार्यहरु दिनहु अपडेट गर्ने गरेको छ ।
- स्थानीय तहको संस्थागत क्षमता स्वमुल्यांकन (LISA) को आवश्यक पुष्टयाईका कागजातहरुको (Means of Verification) व्यवस्था मिलाई तोकिएको समय सिमाभित्र स्वमुल्यांकनको कार्य सम्पादन गरिएको छ।
- कार्यालयबाट स्वतःप्रकाशन गर्नुपर्ने त्रैमासिक सूचनाहरु र प्रगति प्रतिवेदन गाउँपालिकाको आधिकारिक वेबसाईटमा प्रकाशन गर्ने गरिएको छ।
- यस आर्थिक वर्षमा ५ वटा कार्यविधि निर्माण गरी स्वीकृत गरिएको छ ।
- ऐसेलुखर्क गाउँपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण तथा भू-उपयोग योजना निर्माणको लागि परामर्शदाता मार्फत कार्य भइरहेको छ ।

**<u>पंजीकरण शाखा</u>**

- दैनिक रुपमा आईपर्ने व्यक्तिगत घटना दर्ता साथै सामाजिक सुरक्षा सम्बन्धी सम्पूर्ण कार्यहरु गर्ने गरिएको छ।
- त्रैमासिक रुपमा नेपाल सरकारबाट प्रदान गरिने सामाजिक सुरक्षा भत्ताको लागि बैंकिङ प्रणालीबाट भुक्तानीको लागि आवश्यक Forward Feed र Reverse Feed सम्बन्धी सम्पूर्ण कार्यहरु गर्ने गरिएको छ।
- यस आ.व. मा पंजीकरण शाखाको विनियोजित स्वीकृत कार्यक्रम व्यक्तिगत घटना दर्ता सप्ताह मिति २०८० बैशाख १ देखि ७ गते सम्म भव्यताको साथ सम्पन्न गरिएको ।

**सार्वजनिक खरिद व्यवस्थापन**

- आ.व. २०७९/०८० मा यस ऐसेलुखर्क गाउँपालिकाको स्वीकृत कार्यक्रम साथै संघीय समपुरक र विशेष अनुदान तर्फको कार्यक्रम र प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदानतर्फका रु. १० लाखभन्दा माथिका १० वटा योजना विद्युतिय माध्यमबाट बोलपत्र र ३ वटा योजना शिलबन्दी दरभाउ पत्र (हार्डकपि) माध्यमबाट ठेक्का आह्वान गरी सञ्चालन गरिएको छ ।

**न्याय**

- प्राकृतिक न्यायको सिद्धान्तमा आधारित रही स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७, ४८ र ४९ मा तोकिएको व्यवस्था र क्षेत्राधिकारमा रहेर न्याय सम्पादन गरिएको छ । यस आर्थिक वर्षभित्र न्यायिक समितिमा परेका १५ वडा उजुरीमध्ये वडा स्तरीय मेलमिलाप समितिबाट-२ वटा, गाउँस्तरको भद्रभलादमीबाट-२ वटार पालिका

अन्तर्गतको न्यायिक समितिबाट-८ वटा उजुरीको मेलमिलापमार्फत न्याय सम्पादन गरिएको छ ।

एमेलढुङ्गा गाउँपालिका

**गाउँसभा सदस्य ज्यूहरु,**

अब म यस ऐसेलुखर्क गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु । नेपालको संविधान, २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, संघ तथा प्रदेश सरकारले अवलम्वन गरेका राष्ट्रिय तथा प्रादेशिक नीतिहरु, नेपाल सरकारको पक्षबाट भएका अन्तर्राष्ट्रिय महासन्धी तथा सन्धीहरु तथा अन्य प्रचलित ऐन, कानुनहरुको परिधीका साथै ऐसेलुखर्क गाउँपालिकालाई सुन्दर र सम्पन्न बनाउनको लागि ऐसेलुखर्क गाउँपालिकाले तर्जुमा गरेको आवधिक गाउँ विकास योजना- आ.व. २०७६/०७७-२०८०/०८१ का साथै जनताको सामू गरिएका वाचा र प्रतिबद्धतालाई समेत ध्यानमा राखी यस ऐसेलुखर्क गाउँपालिकाको आ.व. २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

२०८० साल जेठ १० गते ऐसेलुखर्क गाउँपालिकाले आयोजना गरेको आ.व. २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम र बजेट निर्माणको लागि सुझाव सङ्कलन कार्यक्रम मार्फत सिङ्गो ऐसेलुखर्क गाउँपालिकाको समृद्धि र सुशासनको लागि आफ्नो अमूल्य राय, सल्लाह, सुझाव दिनुहुने निवर्तमान गाउँपालिका अध्यक्ष ज्यू, निवर्तमान उपाध्यक्ष ज्यू, निवर्तमान वडा अध्यक्ष ज्यूहरु, राजनीतिक दल तथा दलका प्रतिनिधी ज्यूहरु, विद्यालयका प्रधानध्यापक ज्यूहरु, स्थानीय बुद्धिजीवि तथा सम्पूर्ण सरोकारवालाहरुबाट लिखित तथा मौखिक रुपमा प्राप्त अमूल्य राय, सल्लाह, सुझाव र गाउँपालिकाको आवश्यतालाई समेत मध्यनजर गरी आगामी आ.व. २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ ।

अब म ऐसेलुखर्क गाउँपालिकाको आ.व.२०८०।०८१ का प्रमुख नीति तथा प्राथमिकताका क्षेत्रहरु प्रस्ततु गर्ने अनुमति चाहन्छुः

- गाउँपालिकाको आवधिक योजनाले लिएको लक्ष्य र मध्यमकालिन खर्च संरचना (MTEF) बीच तालमेल हुने गरी योजनालाई प्राथमिकता दिने नीति लिइने छ।
- आर्थिक क्रियाकलापहरुमा आएको सङ्कुचनसँगै स्थानीय तहको आन्तरिक आय, अन्तर सरकारी वित्त हस्तान्तरण, राजस्व बाँडफाँट रकममा आउनसक्ने कमीलाई ध्यान दिंदै लचकता सहितको उपयुक्त आकारको बजेट तर्जुमा गरिने छ ।
- स्थानीय आवश्यकता तथा प्राथमिकताका आधारमा सन्तुलित वितरणलाई मध्यनजर राखी आयोजना तथा कार्यक्रम छनौट गरिनेछ ।
- गाउँपालिकाको श्रोत, साधनले धान्न नसक्ने योजना तथा कार्यक्रम प्रदेश सरकार तथा संघीय सरकारसँग माग गर्ने नीति लिइनेछ ।
- सिमा निर्धारण भएका विषय र बजेटको अधिनमा रहेर मात्र बजेट तथा कार्यक्रम प्रस्तुत गरिने छ ।

- ❖ गरिबी निवारणमा टेवा पुऱ्याउने तथा रोजगारमूलक योजनाहरुलाई कार्यक्रममा विशेष जोड दिने नीति अवलम्बन गरिनेछ ।
- ❖ बजेट कार्यान्वयनको लागि कार्ययोजना बनाइने छ र त्यो कार्ययोजनालाई कडाइकासाथ पालना गर्ने गराउने नीति अवलम्बन गरिनेछ ।

अब म यस सम्मानित सभामा क्षेत्रगत नीति कार्यक्रम तथा आधारहरु प्रस्तुत गर्न चाहन्छु ।

**आर्थिक विकास नीतिः**

क) कृषि तथा पशुपन्छि विकासः

**"हटाउँ परनिर्भरता बडाउ आत्मनिर्भरता, कृषि र पशुपालनमा सधै हाम्रो अग्रता"**

- ➢ गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाउन कृषिक्षेत्रमा लगानी वृद्धि गर्दै निर्वाह मुखी कृषि प्रणालीलाई व्यवसायिक र वैज्ञानिक कृषि प्रणालीतर्फ यान्त्रीकरण उन्मुख गर्ने नीति लिइनेछ ।कृषि उत्पादनमा सहजता ल्याउन ८० प्रतिशत अनुदानमा अध्यक्ष कृषि तथा पशुपालन यान्त्रिकिकरण कार्यक्रम मार्फत कृषि औजार तथा उपकरण वितरण कार्यक्रमलाई निरन्तरता दिइने छ। सहकारी र सामुहिक खेतीलाई विशेष प्रोत्साहन गरिने छ ।
- ➢ कृषि औजारहरु मर्मत तथा सम्भार तालिम सञ्चालन गरिने छ ।
- ➢ बाझो जमिन रहन नदिने र त्यसको भरपुर उपयोगको लागि आवश्यक योजना तथा रणनीति बनाइनेछ ।
- ➢ जैविक सुरक्षाका मापदण्ड पालन गर्ने गरी व्यवसायहरुको स्थापना तथा विकासमा जोड दिई प्रांगारिक खेती प्रणालीमा विशेष जोड दिने नीति अवलम्वन गरिने छ ।
- ➢ गाउँपालिका क्षेत्रभित्र प्रमुख खाद्यन्न बाली जस्तैः धान, मकै, गहु फलफूल जस्तैः किवि सुन्तला, स्याउ, आप, केरा, साथै स्कुस करेला, रायो साग जस्ता विविध तरकारी खेतिको पकेट क्षेत्र स्थापना गर्दै कम्तिमा एक गाँउ एक उत्पादनलाई प्रोत्साहित गरी गाउँपालिकाको पहिचानका लागि बजारीकरण समेत गर्ने नीति लिइनेछ ।उत्पादित कृषि तथा पशुजन्य वस्तुहरुको बजारीकरण तथा मुल्य समायोजनमा एकरुपता ल्याउन जोड दिइनेछ ।
- ➢ नगदेबाली जस्तैः अदुवा, बेसार अलैची, तेलहन उत्पादनका लागि पकेट विशेष कार्यक्रम पहिचान गरी यसको उत्पादनमा विशेष जोड दिइनेछ ।
- ➢ ऐसेलुखर्क क्षेत्रमा रहेका बाझो जमिनलाई उपयोग गर्ने गरी आ, व. २०७९।०८० मा चिया खेतिको लागि सम्भाव्यता अध्ययन भै सकेको हुँदा कार्यविधि तयार गरी चिया खेती गर्ने किसानको लागि विशेष अनुदान दिने नीति लिइनेछ ।
- ➢ तोरी खेती प्रवर्द्धन कार्यक्रमलाई थप प्रभावकारी बनाई निरन्तरता दिइनेछ ।
- ➢ एक घर एक करेसावारीको अवधारणा अघि सारिनेछ ।आयआर्जनमा बडवा दिन बेरोजगार महिलाहरुलाई करेसाबारी खेतितर्फ प्रोत्साहन गरिने छ। तरकारीमा आत्मनिर्भर गाउँपालिका स्थापना गर्न विशेष पहल गरिनेछ ।
- ➢ बाली क्लिनिक र माटो परीक्षण सहित माटो सुधार कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

ऐसेलुखर्क गाउँपालिका

- बार्है महिना कृषि उपज संकलन तथा भण्डारण गर्नका लागि चिस्यान केन्द्र स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ भने विभिन्न संस्थासँग साझेदारी गरी खाद्य बैंक स्थापना गर्न जोड दिइनेछ ।
- कृषि तथा पशुपालकको व्यवसायिक लगानीको सुरक्षाका लागि आवश्यक मापदण्ड तयार गरी कृषिबाली बीमा, पशु बीमा कार्यक्रमलाई बडवा दिन अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी कृषकहरुलाई प्रोत्साहन गरिने छ ।
- समूहगत वा व्यक्तिगत रुपमा व्यवसायीक गाइभैसी, भेडा, बाख्रा पालनमा विशेष प्रोत्साहन गरी दुग्ध संकलन केन्द्रको स्थापनामा जोड दिइने छ ।
- परम्परागत पशुपालन व्यवसायलाई सुधार गर्न पशु नस्ल सुधारमा जोड दिइनेछ।ऐसेलुखर्क गाउँपालिकालाई मासुमा आत्मनिर्भर बनाई निर्यात समेत बढाउन पशुपंक्षी पालनका क्षेत्रमा एकिकृत प्याकेजका कार्यक्रमहरु सञ्चालनमा ल्याइने छ।
- मौरी पालन प्रवर्द्धनका लागि आधारभूत तथा पुनर्ताजगी तालिम सहित आधुनिक मौरीका घार लगायतका सामाग्री वितरण गरी विशेष प्रोत्साहन गरिनेछ ।
- किवी बिरुवा सहयोग कार्यक्रमलाई निरन्तरता दिई किवी पकेट क्षेत्रमा किवी थाक्रा व्यवस्थापन तथा असिना जाली (एग्रोनेट) व्यवस्था गरिने छ ।
- कृषक, उद्यमी वा व्यवसायीहरुलाई आधुनिक प्रविधिमा आधारित व्यवसाय स्थापना गर्न प्रेरित गरिनेछ ।
- सिंचाई सुविधा उपलब्ध नभएका स्थानहरुमा साना सिंचाई, सिंचाई पोखरी साथै प्लाष्टिक पोखरी निर्माण गरी क्रमशः सिंचाई सुविधा उपलब्ध गराइनेछ ।
- सम्भाव्यताको आधारमा पर्यटकीय गन्तव्यका स्थानहरुमा वातावरणमैत्री व्यवसायहरुको स्थापना गराई कृषि पर्यटनको विकासमा सहयोग पुर्याइनेछ ।
- एक गाउँ एक प्राविधिकको अवधारणाको आधारमा एक वडा एक कृषि तथा पशु सेवा प्राविधिकहरुको क्षमता विकास तथा स्तरोन्नती गरी कृषकहरुको क्षमता विकासको लागि कृषक समूहहरुलाई घुम्ति तालिमको प्रबन्ध गरी कृषि उत्पादनमा वृद्धि गरिनेछ ।
- कृषक परिचय पत्रका आधारमा वर्गिकृत कृषकहरुलाई समावेसी सहभागिता सहित वर्गिकृत पकेट, ब्लकको योजना निर्माण गरी व्यवस्थित रुपमा सञ्चालित कृषि तथा पशुपालन व्यवसायहरुको व्यवसायिक योजनाका आधारमा सहुलियत ऋण वा अनुदान उपलब्ध गराउँन बैंक तथा वित्तीय संस्थाहरुसँग समन्वय गरी सहजिकरण गरिनेछ ।
- गाउँपालिकाभित्र उत्पादित कृषि उपज तथा पशुपंक्षीको न्यूनतम समर्थन मूल्य तोक्न र सोही अनुसार बिक्री मूल्य कायम गर्न प्रयत्न गरिने छ ।
- एक गाँउ एक नमुना कृषि तथा पशुपालन फर्महरुको स्थापना तथा सञ्चालन गरिनेछ । उचित भूगोल पहिचान गरी निजी क्षेत्रको साझेदारीमा रैथाने जातका बालिहरुको विउ



ऐसेलुखर्क गाउँपालिका

संरक्षणका लागि विउ बैंक स्थापना तथा गुणस्तरीय विउ विजन प्रशोधन केन्द्र निर्माण साथै पालिका स्तरीय नर्सरी निर्माण गरिनेछ ।

- राष्ट्रिय समस्याको रुपमा रहेको बाँदर आतंङ्कलाई नियन्त्रणको लागि विज्ञहरुसँग आवश्यक परामर्श गरी समाधानको लागि पहल गरिने छ ।
- व्यवसायिक कृषि तथा पशु फार्म सुदृढिकरण कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- पशुपंक्षीमा लाग्ने रोग नियन्त्रणका लागि आवश्यक औंषधिको व्यवस्था गरिनुको साथै स्थलगत पशुपन्छि परजिवी नियन्त्रण शिविर सञ्चालन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- कृषि बालीमा लाग्ने रोगलाई जरै देखि नियन्त्रणका लागि स्थलगत बाली संरक्षण शिविर सञ्चालन गरिनेछ । जसका लागि आवश्यकीय विषादिको प्रबन्ध गरिनुका साथै आवश्यक परामर्शका लागि कृषि हटलाइनको व्यवस्था गरिने छ ।
- फलफूलका विरुवा तथा फलमा लाग्ने औसा किरा नियन्त्रणका लागि फेरामेन्ट ट्र्याप कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- पालिका स्तरीय हाटबजारलाई व्यवस्थित गर्दै लगिनेछ ।
- सबै वडामा पशुल्यावको व्यवस्था क्रमशः गरिदै लगिनेछ।
- भुउपयोग ऐन, २०७६ र भूउपयोग नियमावली, २०७९ अनुसार ऐसेलुखर्क गाउँपालिकाको भूउपयोग योजना र जग्गा वर्गिकरणको कामलाई थप व्यवस्थित गर्दै लगिनेछ ।

**ख) उद्योग तथा वाणिज्य**

- स्थानीय सीप, श्रोत र साधनको प्रयोग हुने घरेलु तथा साना उद्योगहरुको संचालन र विस्तारमा आवश्यक सहयोग र प्रोत्साहन गरिनेछ । साथै स्थानीय स्तरमा उत्पादन भएका स्थानीय तथा अर्गानिक सामानहरु प्रयोग गर्ने होटलहरुलाई सहुलियत दरमा ऋण उपलब्ध गराउन वित्तिय संस्थाहरुसँग समन्वय गरिने छ ।
- गाउँपालिकाभित्र स्थापना भएका र हुने कागज, अल्लो कपडालगायतका स्थानीय कच्चा पदार्थको प्रयोग हुने र रोजगारी दिने उद्योगलाई निश्चित मापदण्डका आधारमा सहुलियत ऋण, अनुदान तथा राजश्व छुट गरी प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- संघिय सरकारले अघि सारेको औद्योगिक ग्रामको स्थापनाको कार्यलाई नीजि क्षेत्रको सहकार्यमा अगाडी बढाउन सम्भाव्यता अध्ययन गरिनेछ ।
- खाद्य वस्तुहरुको बजार अनुगमन गरी म्याद गुज्रिएका सामाग्रीहरुको बिक्री वितरणमा पूर्ण रोक लगाइने छ ।

**ग) सहकारी, गरिबी न्यूनीकरण तथा उधमशिलता विकास र रोजगारीः**

**"गाउपालिकामा भएको स्थानिय श्रोतको पहिचान, रोजगारी सृजना गरी आत्मनिर्भर बनाउने अभियान"**

- ऐसेलुखर्क गाउँपालिकामा भएका सहकारी संस्थाहरुलाई गरिवी न्युनीकरणको एक प्रमुख माध्यमको रुपमा सक्रिय बनाइ स्थानीय ऐन तथा नियम अनुरुप कार्यविधिहरु तर्जुमा एवं

ऐसेलुखर्क गाउँपालिका

परिमार्जन, अनुगमन तथा निरीक्षण, पृष्ठपोषण गरी पालिका भित्र रहेका सहकारी संस्थाहरुमा स्वनियम तथा प्रभावकारी सुशासन कायम गर्न क्षमता विकासका लागि लागत साझेदारीमा आधारित उपयुक्त कार्यक्रमहरु सञ्चालन गरिनेछ र दिगो विकासको लक्ष्यमा टेवा पुर्याइनेछ ।

- गाउँपालिका क्षेत्रभित्र निस्क्रिय रहेका सहकारी संस्थाहरुको खारेजी तथा विघटन प्रक्रिया अगाडी बढाइने छ । नयाँ कृषि सहकारी, श्रमिक तथा उपभोक्ता सहकारी संस्थाहरु दर्ता गरी कार्यान्वयनमा ल्याउने नीति अवलम्बन गरिनेछ ।
- सहकारीताको व्यवस्थापनमा एकरुपता कायम गर्नका लागि गाउँपालिका स्तरीय सहकारी सम्यन्त्र निर्माणमा पहल गरिनेछ ।सहकारी संस्थाहरुको लागि क्षमता विकास तालिम सञ्चालन गरिने छ ।
- स्थानीय स्तरमा उत्पादित कृषि उपजहरुलाई बजारीकरणका लागि सहकारी संस्थाहरुलाई आबद्ध गर्ने नीति अवलम्बन गरिनेछ ।
- बजार माग, सम्भाव्यता अध्ययन र श्रोत सर्वेक्षण गरी नयाँ उद्यमि सृजना गरी सीप विकास तालिम कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- लघु उद्यम कार्यक्रमको माध्यमबाट गरिबी निवारणमा जोड दिइने छ ।गाउँपालिका क्षेत्रभित्र रहेका बेरोजगार व्यक्तिहरुलाई विभिन्न प्रकारका सिपमूलक तालिम कार्यक्रहरुको लागि आवश्यक बजेटको व्यवस्था गरिनुका साथै गाउँपालिका तथा यस गाउँपालिकाको क्षेत्रभित्र विभिन्न संस्थाहरुबाट विभिन्न सीपमूलक तालिम प्राप्त गरेका व्यक्तिहरुको गाउँपालिकामा अभिलेखिकरण राखी सो अनुसार अनुभव र रुचीका आधारमा रोजगारी दिने प्रबन्ध मिलाइने छ ।
- उद्यम विकासका लागि सामाजिक परिचालन कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक समन्वय र सहजिकरण गरी लघु उद्यमी समूहको गठन तथा परिचालन गरी लघु उद्यमीहरुको लागि स्तरोन्नति (पुर्णताजगी तथा एडभान्स सिप विकास) तालिमको व्यवस्था गरिने छ ।
- उद्यमशिलता विकास तालिम सञ्चालन गरी यस अन्तर्गत व्यवसाय प्रति सचेतना बनाउन (टोपे), व्यवसाय सुरु गर्न (टोसे) र सम्मान तरिकाले आफ्नो व्यवसायलाई अगाडि बढाउन लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रम सञ्चालन गरी उद्यमीले गर्न चाहेको व्यवसायको व्यवसायिक योजना तयार गरिने छ ।
- उद्यमशिलता विकास तालिममा सम्भावित लघु उद्यमीहरुले छनौट गरेको व्यवसायको आधारमा प्राविधिक सिप विकास तालिम सञ्चालन गरी रोजगारमुखी बनाइने छ ।
- अति गरिवहरुको पहिचान गरी आयआर्जनका कार्यक्रमको अवसर दिलाइ निजहरुको जीवनस्तर उकास्न विशेष जोड दिइनेछ।

- गैह्र सरकारी संस्थाहरुलाई कार्यक्रम सञ्चालनको अनुमति दिदा विकास र चेतनाको दृष्ट्रिले पिछडिएको क्षेत्रहरुमा सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।
- उद्यमीहरुलाई व्यवसाय विस्तारका लागि दिइदै आएको मेशिन, औजार उपकरण अनुदान कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- व्यवसायीहरुद्वारा उत्पादित वस्तुहरुको बजारीकरणका लागि सहकारीसँगको समन्वयमा कोसेली घरको अवधारणालाई निरन्तरता दिइनेछ ।
- सहूलियत कर्जा परिचालन कार्यविधि तयार गरी साना उद्यमीहरुलाई सहुलियत रुपमा ऋण लिनका लागि सहजिकरण गरिनेछ ।
- बेरोजगार सूचीमा सूचीकृत भई प्राथमिकताक्रम सूची बमोजिम बेरोजगार व्यक्तिहरुलाई गाउँपालिकाको समेत साझेदारी गरी प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत न्यूनतम सय दिनको रोजगारी दिने कार्यलाई निरन्तरता दिइने छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन हुने योजनाहरुको आयोजना बैंक बनाइ सोही बैंकमा रहेका आयोजनामात्र कार्यान्वयन गरिने छ ।
- गाउँपालिकाभित्रको संभाव्य रोजगारीको स्थिति विश्लेषण गरी रोजगारीको तथ्याङ्क संकलन गर्ने, बेरोजगार व्यक्तिहरुको पहिचान र सूचीकरण कार्यलाई थप प्रभावकारी रुपमा सञ्चालन गरिनुका साथै विभिन्न रोजगार आयोजना तथा रोजगारदाताहरुबाट माग भए बमोजिम सूचिकृत बेरोजगार व्यक्तिहरुलाई रोजगारीमा खटाउने, गाउँपालिका क्षेत्रभित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी सोको सूचना प्रवाह गरिने छ ।
- वैदेशिक रोजगारीमा रहेका, वैदेशिक रोजगारबाट फर्किएका र वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमै रोजगारीमा संलग्न भएका व्यक्तिहरुको तथ्याङ्क संकलन गरिने छ । रोजगार सेवा केन्द्रको कार्यक्षेत्रमा समुदाय स्तरमै सुरक्षित वैदेशिक रोजगारका सुचना, सीप तालिम, न्याय लगायतका विषयहरुमा सूचना प्रवाह गरिने छ ।
- रोजगारीको हकको प्रभावकारी कार्यान्वयन, स्थानीय तहमा उपलब्ध हुने रोजगारीको अवसरको पहिचान, समस्याको निदान र रोजगारीको क्षेत्रमा नविनतम उपाय र विधिको पहिचान गर्न "रोजगार सम्वाद मञ्च कार्यक्रम" तथा "श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी कार्यक्रम" सञ्चालन गरिने छ ।
- स्थानीय तहको रोजगार रणनीति तर्जुमा गरिने छ ।
- सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सुचनाहरु फ्लेक्स तथा Toolkit मा राख्ने व्यवस्था गरिने छ।
- बेरोजगार व्यक्तिहरुको ज्ञान, सीप तथा क्षमता र बजारको मागका आधारमा आवश्यक पर्ने सीप विकास तालिमको पहिचान गरी सम्बन्धित तालिम केन्द्रमा पठाउने व्यवस्था गरिनेछ ।



तमानखोला गाउँपालिका

- पुराना स्थानीय सीपहरुलाई निरन्तरता दिदै लोप हुन लागेका स्थानीय सीपहरुको खोजी गरी संरक्षण तथा प्रवर्द्धनको लागि सिप विकासका तालिमहरु सञ्चालन गरिने छ ।
- विस्थापित परम्परागत पेशा व्यवसायलाई प्रोत्साहन गरी उत्पादित सामानको बजारीकरण गर्न सहयोग गरी रोजगारी सृजना गरिनेछ ।
- अपांग, असक्त भएका व्यक्तिहरुलाई घरमै बसेर गर्न सक्ने सीप विकास तालिम दिई स्वरोजगार बनाउन पहल गरिनेछ।

**घ) पर्यटन विकासः**

- माकीपा, बहाने पोखरी, देउराली, फापरश्वरा, ऐसेलुखर्क मुलधारालाई पर्यटकीय क्षेत्रको रुपमा अगाडि बढाउन आवश्यक पहल गरिने छ ।
- ऐसेलुखर्क गाउँपालिकामा पर्यटकीय पदमार्गहरुको पहिचान गरी पदमार्ग निर्माण गर्न आवश्यक योजना तर्जुमा गरिनेछ ।
- पर्यटन क्षेत्रको विकास र प्रवर्धनलाई उच्च प्राथमिकतामा राखी प्राकृतिक, साँस्कृतिक, जैविक तथा कृषि परम्परागत शैली, मनोरन्जन, हावापानी अनुकुलन आदि उद्देश्यले प्रेरित गर्न पर्यटन पूर्वाधार सडक, होमस्टे, भोजन तथा जलपान गृह लगायत पर्यटनजन्य व्यवसायलाई प्रेरित गर्ने नीति अवलम्बन गरिने छ ।
- ऐसेलुखर्क गाउँपालिकाका महत्वपूर्ण धार्मिक स्थल र पर्यटकीय स्थलहरु भएको प्रोफाइल तथा ब्रोसर निर्माण गरी प्रचार प्रसार गरिनेछ ।

<u>**सामाजिक विकास सम्बन्धि नीतिः**</u>

**(क) शिक्षा सम्बन्धिः**

- गाउँपालिको सम्पूर्ण शैक्षिक गतिविधि समेटिने गरी एजुकेशन एप्सको निर्माण र विकासमा पहल गरिनेछ ।ई-हाजिरी जडान हुन बाँकी रहेका सामुदायिक विद्यालयहरुमा ई-हाजिरी जडान गरी शिक्षक तथा विद्यालय कर्मचारीहरुको उपस्थितीलाई गाउँपालिकाबाटै हेर्ने व्यवस्था मिलाई हाजिरीमा कडाई गरिनेछ ।
- ऐसेलुखर्क गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरुमा आ.व. २०८०/०८१ भित्र ईन्टरनेट सेवा पुर्‍याइनेछ । विद्यालयलाई सूचना तथा प्रविधि मैत्री बनाइ पठनपाठनलाई समेत प्रविधि मैत्री बनाउन जोड दिइनेछ साथै सामुदायिक विद्यालयहरुलाई सूचना प्रविधिको प्रयोगवाट डिजिटल कक्षा संचालनको लागि प्रोत्साहन गरिनेछ ।माध्यमिक तहमा जडान भएका ई-लाइब्रेरी थप प्रभावकारीताका साथ सञ्चालन गरी अन्य सामुदायिक विद्यालयहरुमा समेत विस्तार गरिने छ ।
- विद्यार्थीको दिवा खाजामा अखाद्य वस्तुलाई निरुत्साहित गरी गाउँमै उत्पादित र पोषणयुक्त खाजामा जोड दिइने छ । विद्यालयहरुलाई प्रदान गरिएका छात्र-छात्रावृति दिवा खाजा जस्ता अनुदानको उच्चतम प्रयोग भए नभएको सम्बन्धमा सूचकहरु बनाई अनुगमन तथा मूल्यांकन गरिने छ ।

- सेनिटरी प्याडको निःशुल्क वितरण कार्यलाई थप व्यवस्थित गरिनेछ ।
- सबै माध्यमिक विद्यालयका भएका विज्ञान प्रयोगशाला, **ICT** र लाइब्रेरीलाई थप व्यवस्थित गरिने र आधारभूत तहमा पनि क्रमशः व्यवस्था गर्दै लगिनेछ ।
- ऐसेलुखर्क गाउँपालिकाभित्रका महिला, दलित, जेहेन्दार, विपन्न तथा गरिव, अल्पसंख्यक, जनजाती विद्यार्थीहरुलाई उपाध्यक्ष छात्रवृद्धि कार्यक्रममार्फत प्राविधिक शिक्षा (एम.बि.बि.एस., बि.डि.एस., बि.पि.एच., ईन्जिनियरिङ) क्षेत्रमा अध्ययन गर्न चाहने २ जना विद्यार्थीलाई न्यूनतम रु. ५ लाखदेखि अधिकतम १० लाखसम्म आर्थिक सहयोग उपलब्ध गराइने छ ।
- प्रत्येक समुदायिक विद्यालयमा कम्प्युटर शिक्षकको दरबन्दी कायम गर्न र प्रत्येक माध्यमिक विद्यालयमा विद्यालय नर्सको व्यवस्था गर्न पहल गरिनेछ ।
- आवश्यकताका आधारमा समुदायमा आधारित नयाँ प्रारम्भिक बाल कक्षा संचालन अनुमती दिने र बालविकास सहजकर्ताका तथा शिक्षकको व्यवस्था गरिने छ साथै बाल विकास केन्द्रमा कार्यरत बाल विकास सहयोगी कार्यकर्ताको क्षमता विकास तालिमको व्यवस्था गरिनेछ ।
- ऐसेलुखर्क गाउँपालिकाका सबै आधारभूत विद्यालय तहको भर्नादर शत प्रतिशत तथा कक्षा छोड्ने दर र कक्षा दोहोऱ्याउने दर शून्य बनाउन आवश्यक पहल गरिनेछ ।
- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि शिक्षकहरुको क्षमता अभिवृद्धिको तालिम तथा प्रविधिमा दक्ष बनाउन आई.सि.टी. तथा कम्प्युटर तालिम कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।
- बहुभाषिक शिक्षण पद्दती अवलम्वन गरी मातृभाषाको संरक्षण गर्ने नीति अवलम्बन गरिनेछ ।आधारभूत तहमा स्थानीय पाठ्यक्रम समेत लागू गरी स्थानीय भाषाको संरक्षण गर्न स्थानीय पाठ्यक्रम निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- निजी क्षेत्रको लगानीमा खुलेका विद्यालयहरूलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति लिइने छ ।
- विद्यालय क्षेत्रलाई शान्त, सुन्दर र हराभरा बनाउन विद्यालय बाल उद्यान कार्यक्रम सञ्चालनमा ल्याइने छ ।
- वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समितिलाई शैक्षिक गुणस्तर सुधारका लागि थप जिम्मेवारी र जवाफदेही बनाइने छ ।
- शिक्षक परिचयपत्र, शिक्षक तथा विद्यार्थीका लागि डायरीको व्यवस्था गरिने छ ।
- प्रधानाध्यापकहरुको सञ्चार खर्च, मा.वि. तथा आधारभूत विद्यालयमा कार्यरत निजी शिक्षकहरुलाई दिइदै आएको पालिका अनुदानलाई निरन्तरता दिइनुका साथै बालविकासका सहयोगी कार्यकर्ता र सामूदायिक विद्यालयमा कार्यरत विद्यालयका

कर्मचारीहरु सामूदायिक अध्ययनकेन्द्रमा कार्यरत स.का.हरुलाई प्रदान गरिदै आएको थप पारिश्रकिकलाई निरन्तरता दिइनेछ ।

- ऐसेलुखर्क शिक्षा नीति तर्जुमा गरी ऐसेलुखर्क शिक्षा ऐन र नियमावलीमा आवश्यक परिमार्जन गर्दै लगिनेछ । शिक्षा ऐन तथा नियमावली बमोजिम आवश्यकतानुसार शिक्षक दरबन्दी व्यवस्थापन तथा मिलानको विद्यालय मर्ज गर्ने समेतको नीति अवलम्बन गर्दै लगिनेछ ।
- यी सबै कामको उपलब्धि मापनको लागि गाउँपालिका र सामुदायिक विद्यालयका प्राधानाध्यापकहरु बीच कार्यसम्पादन करार गरिने छ । गाउँपालिकाका सबै विद्यालायहरुको नियमित अनुगमन सुपरभिजन गरिनेछ यसबाट विद्यालयको भौतिक अवस्था, शैक्षिक गुणस्तरको अवस्था तथा अन्य कमी कमजोरी पत्ता लगाई विद्यालयहरुलाई **Ranking** गरी मूल्यांकन गर्ने परिपाटी अपनाइनेछ । सबै सामुदायिक विद्यालयहरुमा भौतिक पुर्वाधार सुधार तथा घेराबार गर्ने कार्य क्रमशः पुरा गर्दै लगिने छ ।
- विद्यालयमा पठनपाठन, अतिरिक्त क्रियाकलाप, व्यवस्थापन र अनुशासनलाई समेत आधार बनाइ उत्कृष्ठ विद्यालयलाई पुरस्कारको व्यवस्था गरिनेछ । बाल दिवसका साथै अन्य शैक्षिक दिवस कार्यक्रमहरुमा विद्यार्थी, शिक्षक सम्मान कार्यक्रम सञ्चालन गरिने छ ।
- सामुदायिक विद्यालयहरुलाई नमुना विद्यालयको रुपमा विकास गर्न पहल गरिनेछ । शिक्षा क्षेत्रको समग्र विकासको लागि कार्ययोजना, शैक्षिक गुरुयोजना, शैक्षिक पाश्वचित्रका साथै वार्षिक शैक्षिक क्यालेण्डर तयार गरिने छ ।
- सामुदायीक विद्यालयहरुको शिक्षण सिकाईलाई गुणस्तरिय बनाउनको लागि आवश्यक कार्यविधि बनाइ खुल्ला प्रतिस्पर्धाबाट प्रधानाध्यापकको नियुक्ति गर्न विशेष पहल गरिने छ ।

**ख) युवा तथा खेलकुदः**

- खेलकुद क्षेत्रको विकासका लागि गाउँ स्तरीय खेलकुद विकास समितिलाई क्रियाशिल बनाई खेलकुदको क्षेत्रलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ।
- "राष्ट्रका लागि खेल, स्वास्थ्यका लागि खेल" भन्ने राष्ट्रिय नीतिलाई स्थापित गर्न युवा लक्षित खेलकुद कार्यक्रम संचालन गरी खेलका विभिन्न विधामा वार्षिक रुपमा गाउँ पालिकास्तरीय गा.पा. अध्यक्ष कप तथा अन्तर पालिका स्तरीय खेलकुद कार्यक्रमको सञ्चालन गरिनेछ । गाउँपालिकालाई राष्ट्रिय स्तरका खेलाडी उत्पादनको हवको रुपमा विकास गर्दै लैजाने नीति अवलम्बन गरिनेछ।
- राष्ट्रपति रनिङ शिल्ड कार्यक्रमको लागि थप रकम विनियोजन गरिने छ ।

- पालिका स्तरीय खेल मैदान निर्माणलाई निरन्तरता दिइनुका साथै कवर्ड हल निर्माणको लागि पहल गरिने छ । प्रत्येक वडाहरुमा निर्माण भएका खेलकुद मैदानको व्यवस्थापन गर्दै लगिने छ ।
- निष्पक्ष एवम् पारदर्शी ढङ्गले पालिकाभित्रका उत्कृष्ठ खेलाडीहरुको छनौट गरी पालिका बाहिर जान प्रोत्साहन गरिने छ ।
- स्थानीय युवा परिषद नीति तथा कार्यविधि तयार गरी युवालक्षीत कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- आफ्नै गाउँपालिकामा विभिन्न खेलकूदसँग सम्बन्धित रेफ्री तथा निर्णायकहरुको उत्पादनको लागि तालिमको व्यवस्था गरिने छ ।

**ग) स्वास्थ्य र सामाजिक सुरक्षाः**

- गाउँपालिका स्तरीय स्वास्थ्य प्रणालीको विकास गरी सबै वडाहरुमा रोकथाम, परीक्षण, उपचार, पुनस्थापना सहितको "गाऊँ स्वास्थ्य प्रवर्द्धन केन्द"को स्थापना र विशेषज्ञ सेवा सहित गाउँपालिका स्तरीय चलिरहेको अस्पतालको व्यवस्थापनमा जोड दिइनुका साथै ल्याबलाई व्यवस्थित गर्दै इसिजि र एक्सरे समेत सञ्चालनमा ल्याइ इसिजि, एक्सरे र भिडियो एक्सरे गर्न सहजता प्रदान गरिने छ ।गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका स्वास्थ्य चौकी, स्वास्थ्य केन्द्रको पूर्वाधार सुधार गर्दै उपकरण तथा प्रयोगशालाको व्यवस्थापन गर्दै लगिनेछ ।
- आधारभूत स्वास्थ्य सुविधालाई सरल, सुनिश्चित, व्यवस्थित र पहुँचयोग्य बनाउनका लागि सबै स्वास्थ्य चौकीहरुलाई पूर्वाधार सुधार गर्दै उपकरण तथा प्रयोगशालाको व्यवस्थापन गर्दै लगिनेछ ।
- जेष्ठ जागरि, दीर्घ रोगी तथा अपाङ्गसँग स्वास्थ्यकर्मी कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- सबै नागरिकलाई स्वास्थ्य बीमामा आवद्ध गर्दै ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, अति विपन्न लगायत विशेष समूहलाई सम्बोधन गर्न सामाजिक सुरक्षाका विशेष कार्यक्रम ल्याइनेछ ।
- आँखा सम्बन्धी आधारभुत सेवा प्रवाह सूचारु गर्न विभिन्न संघ सस्थाहरुसँग समन्वय तथा पहल गरिनेछ ।
- पूर्ण अपांग, अतिअशक्त, ८० वर्ष माथिमा जेष्ठ नागरिक र प्रसुति हुन लागेका गर्भवती महिलालाई गाउँपालिका भरिका स्वास्थ्य सस्थामा जान निशुल्क एम्वुलेन्स सेवालाई निरन्तर दिइनेछ ।
- गाउँपालिकाको कार्यालयमा रेविज, टिटानस विरुद्धको खोपको कोल्डचेन्ज (भ्याक्सिन) राखेर व्यवस्थापन गरिनेछ ।
- ऐसेलुखर्कका सबै स्वास्थ्य चौकीहरुमा वर्थिङ सेन्टर सञ्चालनको व्यवस्था गरी घरमा हुने सुत्केरीलाई शुन्य दरमा झार्दै सुरक्षित मातृत्व कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।



ऐसेलुखर्क गाउँपालिका

- पूर्ण खोप दिगोपनालाई सुनिश्चित गर्दै गाउँघर क्लिनिक र खोप केन्द्रहरुलाई विस्तार तथा व्यवस्थित गरिनेछ ।
- मातृ तथा शिशु मृत्युदर कम गर्न सुत्केरी भेटघाट कार्यक्रम र गर्भवती महिला जाँच तथा पोषण कार्यक्रममा जोड दिइनेछ ।
- महिला स्वास्थ्य स्वंयसेविकाहरुलाई प्रोत्साहन भत्तालाई निरन्तरता दिइनेछ ।
- संभावित महामारी तथा संक्रमित रोग विरुद्ध रोकथामको पूर्वतयारी कार्यक्रमलाई जोड दिइनेछ।
- विभिन्न संस्थाहरुको सहकार्यमा ग्रामीण महिलालाई मध्येनजर गरी आङखस्ने रोगको लागि स्वास्थ्य शिविर र अन्य आवश्यकतानुसार स्वास्थ्य शिविर कार्यक्रम संचालन गरिने छ ।
- मानसिक स्वास्थ्य र लागू पदार्थ दुर्वेसन न्यूनिकरणका लागि सचेतना तथा सहयोगका कार्यक्रम संचालन गरिनेछ ।
- अति विपन्न र विपन्न परिवारलाई परिचय पत्र वितरण गरी त्यसको आधारमा स्वास्थ्य संस्थामा विशेष छुट हुने व्यवस्था मिलाइने छ ।
- गाउँपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाहरुलाई वितरण गर्दै आएको निःशुल्क औंषधिको व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- बालबालिका, महिला तथा किशोरीहरुको पोषणको अवस्था सुधारका लागि बहुक्षेत्रीय पोषण सुधार कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- ऐसेलुखर्क गाउँपालिकामा निर्माणाधिन १५ शैयाको अस्पताल तोकिएकै समयमा सम्पन्न गर्न गराउन आवश्यक पहल गरिनेछ ।
- स्वास्थ्यकर्मीहरुलाई क्षमता विकास तालिम प्रदान गरिनेछ ।

**घ) खानेपानी तथा सरसफाइः**

- “एक घर एक धारा, स्वच्छ खानेपानी हाम्रो अभिभारा" भन्ने मूल नाराका साथ सबै नागरिकलाई स्वच्छ गुणस्तरीय खानेपानी सहज र सरल रुपमा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिन मुहान संरक्षणका दीर्घकालिन योजना निर्माण गरिने छ ।स्वच्छ खानेपानी समस्यालाई समाधान गर्न विभिन्न गैर सरकारी संस्थाहरुसँग सहकार्य तथा समन्वय गरिने छ ।
- ऐसेलुखर्क बजार क्षेत्रको खानेपानी निर्माण तथा मर्मत गर्दा आगलागीजन्य प्रकोप नियन्त्रण गर्ने फायरहस सहितको निर्माण तथा मर्मत गरिने छ ।
- सुख्खा क्षेत्रमा समेत खानेपानी पुऱ्याउनको लागि अन्य विकल्पको खोजी गरिने छ ।
- टुक्रे खानेपानी योजना सञ्चालनमा निरुत्साहित गरी विष्तृत परियोजना प्रतिवेदन तयार गरी आयोजानाको रुपमा सञ्चालन गरिनेछ।
- गाउँपालिकाको उपयुक्त स्थानमा डम्पिङ साईडको खोजी गरी ऐसेलुखर्क बजारको फोहोरको दीर्घकालिन व्यवस्थापन गरिनेछ ।घरघरमा नै कुहिने र नकुहिने फोहोर छुट्याउने व्यवस्था

गरिनेछ।गाउँबासीहरुलाई फोहोरमैला व्यवस्थापन सम्बन्धि सचेतनामूलक कार्यक्रमको आयोजना गरिनेछ ।

- सिसाजन्य मदिरालाई गाउँपालिका क्षेत्रभित्र भित्र्याउन रोक लगाउन आवश्यक पहल गरिने छ ।
- गाउँपालिकाको उपयूक्त स्थानमा सार्वजनिक शौचालय निर्माण गरिनेछ ।
- स्वास्थ्य तथा सरसफाईसम्बन्धि सचेतना कार्यक्रमहरु विद्यालय तथा समुदायस्तरमा संचालन गरिनेछ ।यस गाउँपालिकालाई पुर्ण सरसफाई गाउँपालिक घोषणाका लागि आवश्यक कार्ययोजना निर्माण गरी अघि बढ्ने नीति लिईनेछ ।

**ङ) संस्कृति, साहित्य र कलाः**

- गाउँपालिकाभित्र रहेका ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा पर्यटकीय महत्वका स्थानहरु र साहित्य कला संस्कृतिको संरक्षण र सम्वद्धर्न गर्न विशेष जोड दिइने छ ।
- गाउँपालिकाभित्र बसोवास गर्ने सबै जातजातीहरुको भाषा, धर्म कला, साहित्य, संगित र साँस्कृतिको वर्ण र लिपीको संरक्षणको लागि अनुसन्धानात्मक कार्य सञ्चालन गरिने छ ।
- आधुनिक प्रविधिद्वारा विष्थापित मौलिक ज्ञान, भाषा, जात्रा, बाजागाजा, चाडपर्व, मेला, ग्रन्थ, पेशा, गुठीलाई समुदायको अपनत्व र संलग्नतामा सम्बर्द्धन तथा संरक्षण गरी पर्यटनसँग जोडिनेछ ।

**च) सामाजिक समावेशिकरण, महिला, बालबालिका, अपाङ्गता तथा जेष्ठ नागरिकः**

- महिलाहरुको हक अधिकार र नेतृत्व विकासका लागि महिलासँग सम्बन्धित संघ संस्थाहरुको सहकार्य र साझेदारीमा विभिन्न कार्यक्रमहरु संचालन गर्न जोड दिइनेछ । गाउँपलिका क्षेत्रभित्रका महिलाहरुको आर्थिक, सामाजिक, शैक्षिक तथा साँस्कृतिक रुपले सशक्तिकरण गर्दै विकासमा समान सहभागिताको अबसर सृजना गरिने छ ।
- गाउँपालिकाका सबै महिलाहरुलाई कुनै न कुनै आय आर्जनका क्षेत्रमा आबद्ध भइरहन प्रोत्साहन गरिनेछ यसका लागि महिलाहरुको क्षमता अभिवृद्धिका लागि आधुनिक सिप तथा तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- महिलामाथि हुने सबै प्रकारका हिंसा र विभेदको अन्त्य गर्न जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।हिंसापिंढित महिलाहरुलाई उनिहरुको अधिकार सुनिश्चित गर्ने नीति अवलम्बन गरिनेछ ।यस्ता कार्यलाई दण्डणीय बनाइने छ ।
- विपन्न गरिव तथा एकल महिलाहरुको लागि सिप विकास तथा उत्पादनमूलक आयमूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- एकल/विधवा महिलाहरुको तथ्यांक संकलन गरी उनिहरुको क्षमता वृद्धि र आय आर्जनको लागि आवश्यक तालिमको व्यवस्था मिलाइने छ ।
- महिला तथा बालबालिकासँग सम्बन्धित दिवसीय कार्यक्रमहरुलाई निरन्तरता दिइने छ ।

- बालबालिका सम्बन्धी ऐन, २०७५ ले व्यवस्था गरे अनुसार स्थानीय तहमा बाल अधिकार समिति गठन र परिचालन गरी वाल विकासका सूचकहरु बाल बचाऊ, बाल संरक्षण, बाल विकास तथा बाल सहभागिता आदि कार्यक्रमहरुमा जोड दिई सबै वडामा बाल क्लवहरु गठन गरी बाल विवाह, बालशोषण न्युनिकरण गरी बालश्रममूक्त बनाइ बालमैत्री वडा घोषणा गर्दै जाने गरी आवश्यक कार्यक्रम तर्जुमा गरिने छ । उनीहरुको क्षमता विकास प्रतिभा पहिचान तथा सांगठनिक नेतृत्व विकास प्रक्रियाका हरेक चरणमा बालवालिकाको सहभागिता सुनिश्चित गरिनेछ । बालवालिकाहरुको क्षमता उजागरको लागि हौसला बढाउने किसिमका क्रियाकलापमा जोड दिइनेछ । बाल प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिनुका साथै बालमैत्री स्थानीय शासनलाई प्रर्वद्धन गर्न बाल समूहहरुको परिचालनमा जोड दिनेइछ ।
- सबै खाले अपाङगता भएका व्यक्तिहरुको विवरण संकलन गरी अभिलेखिकरण गरिनेछ ।अपाङगता भएका व्यक्तिहरुलाई सुहाउने किसिमका सिपमूलक कार्यक्रम र क्षमता अभिवृद्धिका कार्यक्रमहरु गरिनेछ । अपाङ्गता रोकथाप तथा पुर्नस्थापना कार्यक्रम सञ्चालन गरिने छ ।
- ग वर्गको अपाङ्ग व्यक्तिहरुलाई दिइदै आएको भत्ता रकमलाई निरन्तरता दिइने छ ।
- गाउँपालिकाका सबै वडाहरुमा युवा क्लवको गठन गरी युवा जनशक्तिलाई विपद् व्यवस्थापन तथा स्वयंसेवकिय कार्य, विभिन्न प्रकारका सामाजिक क्रियाकलाप र सामाजिक जागरणका अभियानहरुमा परिचालन गरिनेछ । उनीहरुमा भएको युवा जोस, जाँगर, क्षमता र सिपको अधिकतम उपयोग तथा युवा सशक्तिकरणका लागि रणनीति तयार गरी नेतृत्व विकास उद्यमशिलता विकासमा उत्प्रेरित गरिनेछ ।
- हाल पछिल्ला वर्षहरुमा बालबालिका र युवाहरुमा धुम्रपान, मदिरापान र लागूऔषधको कुलतमा फस्नेको संख्या बढ्दै गएको छ । यसलाई नियन्त्रण गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरी यूवा वर्गलाई नै नियन्त्रणको लागि परिचालन गरिने छ । साथै यस्तो कार्यलाई दण्डणीय बनाइने छ ।
- यूवाहरुलाई सीप तथा तालिमको माध्यमबाट स्थानीयस्तरमा रोजगारी प्रवद्र्धन हुने गरी आवश्यक सहयोगका कार्यक्रमहरु संचालन गरिने छ ।
- जेष्ठ नागरिकहरुलाई विशेष सम्मानका कार्यक्रमहरु राखिनेछन् र उनीहरुको ज्ञानसिप र अनुभवलाई सदुपयोग गर्ने नीति लिइनेछ ।
- जेष्ठ नागरिक तथा अपाङ्ग कार्डलाई अद्यावधिक र वितरण गरिने छ ।
- जेष्ठ नागरिकहरुको लागि ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापनाको सुरुवात गरिने छ ।
- आदिवासी जनजातीहरुको भाषा तथा सांस्कृतिक सम्पदाहरुको जगेर्ना गर्न विशेष कार्यक्रमहरुको व्यवस्था गरिनुका साथै आदिबासी जनजाती ऐतिहासिक संग्राहलय निर्माणमा गर्न विशेष पहल गरिनेछ । आदिवासी, जनजातीको हक अधिकार र त्यस्ता वर्ग र

समुदायको समावेशीकरणका लागि विभिन्न सिपमूलक, चेतनामूलक कार्यक्रम संचालनमा ल्याईनेछ ।

- लैंगिक एवं जातिय छुवाछुत विरुद्ध सचेतना मुलक कार्यक्रमहरुसञ्चालन गरिने छ । जातिय छुवाछुतलाई दण्डनिय बनाईने छ ।
- दलित र पिछडाबर्ग र समुदायविपन्न वर्गको जीवनस्तर उकास्न विशेष पहल गरिने छ ।उनीहरुको उत्थानको लागि विशेष लक्षित सिपमूलक र चेतनामूलक कार्यक्रमको व्यवस्था गरिने छ ।
- सिमान्तकृत र अतिसिमान्तकृत र लोपोन्मुख जाती, समुदाय संरक्षणको लागि गाउँपालिकाले आवश्यक नीति बनाउने छ ।उनीहरुको परिवारलाई आत्मनिर्भर बनाउन आवश्यक परामर्श सेवा सहित विभिन्न सिप विकास कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**पूर्वाधार विकास नीतिः**

- गाउँपालिका भित्रका सबै सडकहरुलाई मुख्य राजमार्गसँग जोड्ने सडक, अन्तरपालिकासँग जोड्ने सडक, गाउँपालिकाको केन्द्रलाई सबै वडा कार्यालयसँग जोड्ने सडक र ग्रामीणस्तरका सडकमा वर्गीकरण गरी सबै सडकहरुको मापदण्ड र क्षेत्राधिकार कायम गरिनेछ ।सडक अतिक्रमणलाई दण्डणीय बनाइने छ ।
- मध्यपहाडी लोकमार्गसँग जोडिएर ऐसेलुखर्क गाउँपालिका भित्रिने मुख्य सडकहरु ऐसेलुखर्क-भिरपानी सडक, ऐसेलुखर्क-माक्पा-रावाखोला सडक र ऐसेलुखर्क-फापरश्वरा-ज्यामिरे सडक स्तरोन्नती तथा मर्मतको लागि विशेष व्यवस्था गरी कोलोपत्रेको लागि पहल गरिनेछ ।अन्तर जिल्ला, अन्तर गाउँपालिका र ऐसेलुखर्क गाउँपालिका केन्द्रसँग वडा कार्यालय जोड्ने मुख्य सडकहरु, गाउँ-गाउँबाट वडा कार्यालयसम्म जोड्ने सडकहरुको स्तोरन्नती तथा मर्मतमा विशेष प्राथमिकता दिइ हिउँदो-वर्षा नै सडक सञ्चालन हुने गरी व्यवस्था गरिनेछ ।
- पूर्वाधारतर्फ ठुला सडक र जटिल प्रकृतिका काम बाहेक कृषि सडक निर्माणमा एस्काभेटर प्रयोग कम गरी स्थानीय उपभोक्ताबाटै निर्माण कार्य गराइ पालिकाको पैसा जनताको घरसम्म पुर्याउने व्यवस्था लागू गरिनेछ ।
- ग्रामिण सडकहरुको मर्मत सम्भारका लागि अविलम्व कार्य गर्न सक्ने गरी संस्थागत क्षमताको विकास गरिनेछ सो का लागि आबश्यक नीति ल्याइनेछ ।
- ठूला तथा जटिल प्रकृतिका सडक निर्माणका लागि गाउँपालिकाले आफ्नै एस्काभेटर प्रयोग गर्ने गरी नीति निर्माण गरिनेछ ।
- भविश्यमा हुने सवारी चापलाई मध्यनजर गर्दै बसपार्क निर्माण गरी व्यवस्थित गरिनेछ ।
- भौतिक पूर्वाधार अन्तर्गतका योजनागत कार्यक्रमहरु कार्ययोजना बनाई कडाईका साथ लागू गरिनेछ । आषाढ महिनामा पूर्वाधार निर्माण तर्फका योजनाहरुको सञ्चालन गर्न निरुत्साहित गरिनेछ।

ऐसेलुखर्क गाउँपालिका

- गाउँपालिका क्षेत्रभित्र गाउँपालिकाबाट सञ्चालन गरिने योजनाहरुमा उपलव्धि नदेखिने खालका र धेरै साना-साना योजनाहरुलाई निरुत्साहित गरिनेछ ।
- निर्माण कार्य सुरु भई सम्पन्न हुन बाँकी अधुरा आयोजनाहरुलाई प्राथमिकतामा राखि निर्माण सम्पन्न गरिनेछ ।
- आ.व. २०८०।८१ मा ऐसेलुखर्क गाउँ पालिकाको यातायात गुरुयोजना निर्माण गरिने छ ।
- पुर्वाधार तर्फका १० लाख भन्दा माथिका योजनाहरु टेण्डर प्रक्रियाबाट सञ्चालन गर्ने हालको व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकाबाट सञ्चालित सबै योजना सञ्चालन गर्दा शून्य पेश्कीमा सञ्चालन गर्ने हालको व्यवस्थालाई निरन्तर रुपमा अवलम्बन गर्दै लगिने छ ।
- आ.व.२०८०/०८१ मा गाउँपालिकाको निर्माणाधिन प्रशासनिक भवनको विवाद टुङ्गोमा पुर्याउन आवश्यक पहल गरिनेछ ।यदि विवाद समाधान नहुने भएमा नयाँ स्थानको खोजी गरी निर्माण कार्य शुरु गर्न विशेष पहल गरिनेछ ।
- ऐसेलुखर्क गाउँपालिकाको वडा नं. ३ र ५ मा वडा कार्यालयको लागि पक्की भवन निर्माण कार्य शुरु गरिनेछ ।पक्की भवन बन्न बाँकी वडाहरुमा बजेटको व्यवस्था गरी निर्माण कार्यको लागि आवश्यक पहल गरिने छ । सामुहिक कार्यक्रमको लागि समुदायको पायक पर्ने स्थानमा सामुदायिक भवनहरु क्रमशः निर्माण गर्दै लगिने छ ।
- यस गाउँपालिकाको ऐसेलुखर्क र राखा जोड्ने लिदिङ खोलाको पक्की पुलको निर्माण कार्यलाई अगाडी बढाइने र सिस्ने वारीयो पक्कि पुलको निर्माण कार्यको थालनी गरिनेछ ।यसको लागि संघिय सरकारसँग बजेटको माग गरिनेछ ।
- ऐसेलुखर्क बजार ढलान कार्यलाई निरन्तरता दिइने छ ।
- निर्माण कार्यको गुणस्तरीयता कायम गर्नको लागि आवश्यक जाँचका विधिहरु अनुगमनको क्रममा निर्माण स्थलमै जाँच गर्नुका साथै मापदण्ड जाँचका लागि मान्यता प्राप्त प्रयोगशालामा पठाइने छ ।
- सहज रुपमा हिडडुल गर्न अपाङ्ग, अशक्तमैत्री गोरेटो बाटोहरुको निर्माण गरी पैदलयात्री केन्द्रित गाऊको रुपमा गाउँपालिकाको विकास गरिनेछ।
- आवश्यकतानुसार विद्युत ट्रान्सफर्मर र पोल थप गरी विद्युत नपुगेको टोल तथा घरहरुमा आ.व. २०८०।०८१ मा केन्द्रीय विद्युत प्रशारण लाईन विस्तार गरी पूर्ण रुपमा उज्यालो गाउँपालिका घोषणा गर्न विशेष पहल गरिनेछ ।
- वैकल्पिक उर्जाको अवस्था, सम्भावना र अवसरहरुको व्यवस्थापन गर्दै लगिनेछ साथै आवश्यकता अनुसार सौर्य सडक वत्ति जडान गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- सूचना प्रविधिमैत्री गाउँपालिका निर्माण गर्न इन्टरनेटको सुविधा नपुगेका क्षेत्रमा नीजि क्षेत्रसँगको साझेदारीमा इन्टरनेट सुविधा विस्तार योजना सञ्चालनमा जोड दिइनेछ ।

- टेलिफोन सुविधा नपुगेका ठाउँमा टेलिफोन सुविधा पुर्याउन र फोर जी इन्टरनेट सुविधा दिन टावरको माग गरिनेछ ।
- गाउँपालिकाका पूर्वाधारहरुमा स्रोत परिचालन गर्न नगर विकास कोषमा गाउँपालिकाको शेयर स्वामित्व रहने गरी आवश्यक प्रबन्ध मिलाईने छ ।

**<u>वन, वातावरण तथा विपद व्यवस्थापन नीतिः</u>**

- विपद् व्यवस्थापन सम्बन्धी कानुन, मापदण्ड र कार्ययोजना निर्माण गरिनेछ । पूर्वाधार अन्तर्गतका सबै खाले विकासका कामलाई विपद् न्यूनिकरण एवम वातावरण मैत्री ढंगबाट अवलंवन गर्ने नीति अंगिकार गरिनेछ ।
- यस गाउँपालिकाको जलाधार क्षेत्रको दिगो व्यवस्थापनको लागि पानी श्रोत संरक्षण, पानीको बहुआयामिक प्रयोग, जडिबुटी खेती प्रवर्द्धन, सुख्खा क्षेत्रमा रिचार्ज पोखरी निर्माण गरी वरिपरीको वातावरण हरीयाली राख्न विशेष पहल गरिने छ ।सुख्खा क्षेत्रमा पानी प्रदान गर्ने किसिमका बनस्पतिहरुको संरक्षणमा जोड दिइनेछ । सार्वजनिक, खुला स्थानमा वृक्षारोपण तथा हरियालीको संरक्षण, पुनस्थापना तथा विस्तार गरिनेछ।
- वन जंगल, वन्यजन्तु, ढुंगा, बालुवा, नदी, खोला, खानी, जडिबुटी आदी प्राकृतिक श्रोतहरुको पहिचान गरी सोको उचित व्यवस्थापन गर्दै प्रकृतिजन्य सम्पदाहरुलाई दीगो विकासको सिद्धान्त अनुकुल बनाईने नीति अवलम्बन गरिनेछ ।
- गाउँपालिका र वडास्तरीय प्रकोप व्यवस्थापन समितिलाई आवश्यकतानुसार सक्रिय बनाइने छ ।प्रकोप पूर्वतयारी र योजना निर्माण गरी सोही अनुसार प्रकोप व्यस्थापनका सम्पूर्ण कार्यहरु कार्यान्वयन गरिने छ ।
- प्रकोप व्यवस्थापनको लागि आवश्यक पर्ने सामाग्रीहरु मौज्दात राखिने छ ।विपदबाट हुने धनजनको क्षति कम गर्न र विपद्लाई न्युनिकरण गर्न सुरक्षा निकाय, रेडक्रस सोसाइटी लगायत अन्य सरोकारवाला निकायहरुको सहकार्यमा विपद् जोखिम न्युनिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकामा प्रकोप व्यवस्थापन कोषलाई मजबुद बनाउदै लगिनेछ । यस कोषबाट आवश्यकता अनुसार प्रकोपसँग सम्बन्धित विषयमा खर्च गरिनेछ ।
- बसोबासका दृष्टिकोणले ऐसेलुखर्क गाउँपालिका क्षेत्रका जोखिमयूक्त ठाउँहरुको नक्शाङ्कन गरिनेछ ।
- डेगुँ, कोरोना, बाढी पहिरो, आगोलागी, चटयाङ्ग, भूकम्प जस्ता विषयको पूर्व तयारी गर्दा बालवालवालिका, जेष्ठ नागरिक, महिलाहरु, सुत्केरी, गर्भवती र अपाङ्गता भएकाहरुलाई केन्द्रमा राखेर कार्यक्रम तयः गरिने छ ।
- सरकारी तथा सार्वजनिक सम्पत्तिको सुरक्षा तथा संरक्षण गर्ने हेतुले गाउँपालिकाभित्रका सरकारी कार्यालयहरुमा आगलागी जन्य विपद् व्यवस्थापनको लागि फायर एक्सटिङग्विशरको व्यवस्था गरिने छ ।

ऐसेलुखर्क गाउँपालिका

ऐसेलुखर्क गाउँपालिका

**<u>सुशासन र संस्थागत विकास नीतिः</u>**

- गाउँकार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयगत शाखा वा एकाइको सेवा प्रवाहलाई सम्भव भएसम्म सूचना प्रविधि मैत्री बनाई जनतालाई सेवा प्रवाह गरिनेछ ।गाउँपालिकाका सबै गतिविधिहरुलाई हेर्न मिल्ने गरी ऐसेलुखर्क एपको निर्माण गर्न आवश्यक अध्ययन गरिनेछ । इन्टरनेट सेवा विस्तारमा आवश्यक पहल गरिनेछ । जनतालाई दिनुपर्ने सेवा सुविधा घर घरमा पुऱ्याउन सबै वडाका जनप्रतिनिधि ज्यूहरुलाई नै परिचालन हुने नीति अवलम्बन गरिनेछ ।
- यस गाउँकार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु, सामुदायिक विद्यालयहरु, स्वास्थ्य संस्थाहरु तथा मातहतका कार्यालयहरु विद्युतीय हाजिरीलाई कडाइ गरी गाउँ कार्यपालिकाको कार्यालयबाटै एकिकृत उपस्थिती सफ्टवेयर मार्फत अनुगमन गरी हाजिरीमा कडाइ गरिने ।
- सबै भन्दा बढि कर संकलन गर्ने र तोकिएको समय सिमाभित्र आयोजना तथा कार्यक्रम सम्झौता र सम्पन्न गर्ने वडालाई थप रु. ५ लाख सम्म विकास खर्च प्रोत्साहन योजना प्रदान गर्ने नीति लिइने छ ।निर्धारित समयमै काम सम्पन्न गर्ने निर्माण व्यवसायीहरुलाई पुरस्कारको व्यवस्था गरिने छ ।
- गाउँपालिकामा सञ्चालित विकास निर्माण लगायत सबै कार्यक्रमको नियमित अनुगमन, प्रगति समिक्षा, समन्वय बैठक, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षणआदि मार्फत सुशासनमा जोड दिइनेछ ।
- प्रशासनिक खर्चमा मितव्ययिता अपनाइनेछ ।
- सेवाग्राहीहरुको कामलाई छिटो, छरितो र पारदर्शी बनाउन दरबन्दी अनुसारको कर्मचारीहरुको व्यवस्थापनको लागि पहल गरिने छ ।
- सार्वजनिक खरिदलाई अझ थप पारदर्शी, प्रतिष्प्रधि र मितव्ययी बनाइ खरिद सुशासन कायम गरिनेछ ।
- कार्यालयको सेवा प्रवाहलाई छिटो छरितो सेवाग्राही मैत्री एवम जनमूखी बनाई सुशासन कायम गर्न अधिकतम उपायहरु अपनाइने छ ।लिखित वा मौखिक रुपमा प्राप्त हुन आएका गुनासाहरुलाई उचित सम्बोधन गरिनेछ ।
- गाउँपालिकाले गरेका काम तथा सेवा प्रवाहका विषयमा Quationar बनाई समय-समयमा सेवाग्राही सन्तुष्टि सर्वेक्षण फारम भर्न लगाई सो को मुल्यांकनका आधारमा सेवा प्रवाहलाई जनमुखि बनाउदै लगिनेछ ।
- सुशासन कायम गर्न "म भ्रष्टाचार गर्दिन" म भ्रष्टाचार हुन दिन्न""म देश र जनता प्रति इमान्दार भएर काम गर्नेछु" भन्ने प्रतिज्ञा सहितको कार्यसस्कृतिको प्रर्वद्धन गरिनेछ र भ्रष्टचार मुक्त उत्कृष्ट गाउँपालिकाको रुपमा ऐसेलुखर्क गाउपालिकालाई स्थापित गरिने छ ।जसका लागि **Consumer Awareness Program** (उपभोक्ता सचेतना कार्यक्रम) स्थानीय वस्तु तथा गुणस्तर परीक्षणका कार्यक्रम समेत सञ्चालनमा ल्याइनेछ ।

- यस गाउँपालिकाका सामाजिक सुरक्षा भत्ता बैंकिंग उपस्थितीमा टोलटोलमा पुर्याउन पहल गरिनेछ ।
- आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाइने छ ।
- सार्वजनिक जग्गाहरुको विवरण तथा लगत अध्यावधिक गरी सोको संरक्षणमा सरोकारवालाहरुसँग सहकार्य गर्ने नीति अवलम्बन गरिने छ । सार्वजनिक सम्पत्तीको सुरक्षा र संरक्षण गरिने छ ।
- गाउँपालिकालाई आवश्यक पर्ने कानुनहरुको निर्माणलाई निरन्तरता दिदै समयमै स्थानीय राजपत्रमा प्रकाशन गरी सबै नागरिकहरुलाई सुसुचित गराइनेछ । गाउँपालिकालाई विधिको शासन, नियम, कानुन भित्र रही चलाइनेछ ।
- कार्यसम्पादन सम्झौतालाई निरन्तरता दिदै थप प्रभावकारी बनाइने छ ।यसलाई मूल्यांकनको प्रमुख आधारको रुपमा लिइनेछ ।यसकै आधारमा दण्ड र पुरस्कार दिने नीति अवलम्बन गरीने छ ।
- कर्मचारीहरुलाई कार्यालय समय भन्दा थप काम गर्नु परेको कामको बोझको आधारमा २० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपवब्ध गराइने छ ।
- कर्मचारी कल्याण कोषलाई थप मजबुद बनाउदै लगिनेछ ।
- गाउँपालिकाको वेभ साइडलाई थप प्रभावकारी बनाई गाउँपालिकाको प्रत्येक गतिविधिलाई पारदर्शी, उत्तरदायी, जनमुखी बनाउने नीतिलाई निरन्तरता दिईने छ ।
- समय सापेक्ष रुपमा बढदो नविनतम प्रविधि र कानुन, कार्यविधि, प्रकृया सम्बन्धमा जनप्रतिनिधि र कर्मचारीलाई अद्यावधिक गराउदै लैजाने क्षमता विकास गर्न तालिमहरु प्रदान गरिनेछ ।
- कार्यालयका सबै कामहरुलाई सफ्टवेर मार्फत प्रभावकारी बनाउदै लगिने छ।
- सूचना प्रविधि केन्द्र स्थापनाको लागि आवश्यक पूर्वाधार विकासमा जोड दिईने र घरको अभिलेखीकरणमा विद्युतिय प्रणाली प्रयोग गरिने छ । गाउँपालिकाको जी.आई.एस म्यापिङ गरी घरधुरीको विवरण तयार गरी अभिलेखीकरण गरिनेछ ।
- पालिकाको सूचना तथा अभिलेख व्यवस्थापनका लागि पालिकाको आफ्नै सूचना तथा अभिलेख केन्द्र स्थापना गरी दस्तावेजहरु व्यवस्थित र सुरक्षित राख्ने र एकीकृत तथ्याङ्क संकलनमा जोड दिने र तथ्याङ्क संकलनमा एकरुपता ल्याउने नीति लिईनेछ ।
- इन्टरनेट सेवा विश्वासिनिय बनाउन जोड दिने र इन्टरनेट सेवा विस्तार गर्ने नीति लिइनेछ ।
- जनतासँग जनप्रतिनिधिको प्रत्यक्ष सवाद रेडियो कार्यक्रम, डिजिटल नागरिक वडापत्र, डिजिटल नोटिस बोर्ड र सामाजिक सञ्जाल लगायतका विविध पक्षहरुलाई प्रविधिसँग जोडिने र अझै व्यवस्थित बनाउदै लगिनेछ ।
- ऐसेलुखर्क गाउँपालिकाको मुख्य आयस्रोत बन्न सक्ने पर्यटन क्षेत्र विकासको लागि पर्यटन मोबाईल एप्सको विकास गरिनेछ ।

- विज्ञान प्रविधि, इन्जिनियरिङ, कला, गणितलगायतका विषयमा विद्यालयस्तरदेखि नै अनुसन्धान र नवप्रवर्धनको सोच र क्रियाशीलताको विकास गर्ने गरी कोषको स्थापना गर्न पहल गरिने छ । पालिकाभित्रका बालबालिका तथा युवाहरुको नविनतम सोचको मूल्यांकन गरी नवप्रवर्धनमा लगाइने छ ।
- न्यायिक समितिबाट भएका निर्णय र सम्पादित कामहरुलाई व्यवस्थित बनाउन विद्युतिय प्रणालीमा अभिलेखिकरण गर्ने व्यवस्था मिलाइने छ ।साथै वार्षिक रुपमा प्रकाशन तथा डिजिटाइजेशन गरिनेछ ।
- न्यायिक समितिबाट हुने न्यायिक कार्यहरु स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७, ४८ र ४९ मा तोकिएको व्यवस्था तथा क्षेत्राधिकारमा रही न्याय सम्पादन गरिने छ । दफा ५०, ५२ र ५३ को व्यवस्थालाई कार्यान्वयन गरिने छ ।
- न्यायिक समिति तथा मेलमिलापकर्ताहरुलाई क्षमता विकासका लागि पुनर्ताजगी तालिम सञ्चालनमा ल्याइने छ ।
- न्यायिक कार्यलाई छिटो, छरितो बनाइने छ । न्याय सम्पादनमा सहजता ल्याउनको लागि कानुन विदहरुसँग आवश्यक परामर्श लिइने छ ।
- गाउँपालिकाका सबै वडाहरुमा न्यायिक सम्वाद कार्यक्रम सञ्चालन गरिनेछ ।
- यस गाउँपालिकाभित्रका वर्षभरिमा उत्कृष्ट काम गर्ने कर्मचारी, शिक्षक, स्वस्थ्यकर्मि, उद्यमि, कृषक, महिला स्वंमसेविका लगायतका विभिन्न क्षेत्रमा काम गर्ने व्यक्तिहरुमध्ये१/१ जनालाई उत्कृठ पुरस्कारको व्यवस्थाको गरिने छ ।
- महिला, बालबालिका, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति लगायत सम्पूर्णलाई सुरक्षाको प्रत्याभूति हुने सुरक्षित अनुभव गर्न सक्ने र हिड्डुल गर्न सक्ने सुरक्षा निति अवलम्वन गरिनेछ
- नेपाल प्रहरीसँग समन्वय गरी समूदाय-प्रहरी साझेदारी कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- गाउँपालिका क्षेत्रमा नयाँ घरहरु निर्माण गर्दा बस्ती विकास तथा शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड-२०७२ लाई लागू गरिने र यस गाउँपलिकाले नक्सा पास प्रक्रियालाई सहज र सरलिकृत गर्ने नीति लिइने छ ।
- सबै वडाहरुमा टोल सुधार समिति गठन गरिनेछ ।

**<u>राजश्व प्रशासन नीतिः</u>**

- गाउँपालिकाको प्रमुख आयस्रोतको रुपमा आन्तरिक आम्दानी हुने क्षेत्रहरुको पहिचान गरी आन्तरिक राजश्व प्रणालिलाई फराकिलो बनाउदै लगिने छ ।
- गाउँपलिका भित्रका विभिन्न व्यवसाय संचालन गरिरहेका सबै उद्योगी/ व्यबसायीहरुलाई आ आफ्नो व्यवसायलाई दर्ता गराइ गाउँपालिकामा सुचिकृत गराइ राजश्वको दायरा फराकिलो

पार्ने, नयाँ करका क्षेत्रको खोजिका लागि राजश्व परमार्श समिति र उपसमितिलाई कृयाशिल बनाइने छ ।

- हाल कायम करका दरहरुलाई वस्तुनिष्ठ एवं वैज्ञानिक बनाउदै लगिने छ ।
- विभिन्न संघ, संस्था, समति र व्यक्तिहरुले गाउँपालिकालाई तिर्न तथा बुझाउनु पर्ने कुनै पनि प्रकारका राजश्व बक्यौतालाई ताकेता गरी अशुल गरिनेछ ।त्यस्ता व्यक्तिहरुको हकमा गाउँपालिकाले दिने सेवासँग समेत जोड्ने नीति अवलम्बन गरीनेछ ।
- लेखा परीक्षणबाट देखिएका सैद्धान्तिक बेरुजुलाई फछ्यौंट गरी बेरुजुलाई शून्यमा झार्ने प्रयास गरिनेछ ।
- राजश्व सुधार योजना निर्माण गरी व्यवस्थापन गर्न नयाँ श्रोतको पहिचान गरी करको दायरा बढाउन विशेष पहल गरिने छ ।
- राजश्व संकलनमा सुधार गर्न करदाताहरुको अभिलेख व्यवस्थापनमार्फत सूचना संप्रेषण, राजश्व हेल्पडेक्सको व्यवस्थापन जस्ता कार्यलाई प्राथमिकता दिइने छ ।

**अन्त्यमा**,

हामीले अबका दिनमा अवलम्बन गर्ने मार्ग तथा विकास प्रतिको दृष्टिकोण, नीति कार्यक्रम र बजेट कार्यान्वयनको अवस्था, आवश्यकीय कानुन तर्जुमा र कार्यान्वयन, समावेशीकरण र सन्तुलित विकासका लागि गर्नु पर्ने प्रयास, समन्वय सहकार्य र सहअस्तित्वको कुराहरु साथै प्रशासकीय र व्यवस्थापकीय क्षमता, नागरिकले प्राप्त गर्ने सार्वजनिक सेवाको पहुँच र समतामूलक स्रोतको उपयोग जस्ता यी सबै कुराहरुलाई मध्यनजर गरी सबै गाउँपालिकाबासी आम नागरिकहरुले हाम्रो सकरात्मक खबरदारी गरुन् भन्ने हामीले अपेक्षा लिएका छौं । यस गाउँपालिकाको विकास, सम्वृद्धि, उन्नति र प्रगतिका लागि आजसम्म प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा समन्वय, सहअस्तित्व र सहकार्य गर्नुहुने सम्पूर्ण जनप्रतिनिधिहरु, राजनीतिक दल, संघसंस्थाहरु, प्रतिष्ठित व्यक्तित्वहरु र कर्मचारीहरु प्रति म हार्दिक कृतज्ञतासहित आभार व्यक्त गर्दै यो नीति कार्यक्रम कार्वान्वयनमा पूर्ण सहयोगको अपेक्षा गर्दछु ।

**धन्यवाद !**

ह्मलुङ्खेले गाउँपालिका